पारदर्शी रूपमा करको दायरा हेरफेर गर्ने ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३३९ • २०८१ साल बैशाख २५ गते मंगलबार (7May, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'हुजुर आप आतेआते बहुत देर कर दी'

# जसपालाई दलको प्रमाण पत्र प्रतिनिधि सभा सचिवालयमा दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी( अशोक राई)लाई निर्वाचन आयोगले मंगलबार दलको प्रमाण पत्र दिएको छ । सात जना सांसदसहित आयोगमा जनता समाजवादी पार्टी(जसपा)नेपाल विभाजन गरी नयाँ दल जनता समाजवादी पार्टी दर्ताका लागि अध्यक्ष अशोक कुमार राईले निवेदन दर्ता गरेका थिए।

निर्वाचन आयोगबाट दल दर्ताको प्रमाण पत्र पाएलगतै राईले प्रतिनिधि सभा सचिवालयमा पनि मान्यताका लागि निवेदन दर्ता गरेका छन् । निर्वाचन आयोगमा जसपा १ सय १० औं दलको रुपमा दर्ता भएको छ । यसले जसपा नेपाल औपचारिक रुपमा विभाजित भएको मान्यता प्राप्त गरेको छ।

जसपाको उपमहासचिव बनेका सांसद प्रदीप यादवले जनाए अनुसार निर्वाचन आयोगबाट दल विभाजनको आधारमा मान्यता दिएकाले प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरुलाई पार्टीमा आउन कानुनी जटिलता समाप्त भएको छ।

'मधेश प्रदेशमा अधिकांश पालिका र प्रदेश सभासदहरु जसपामा रहने छन्' उनले भने, मधेश प्रदेशको एकमात्र महानगरका मेयर राजेशमान सिंह जसपामा आइसकेका छन्।

जसपालाई निर्वाचन आयोगले दलका मान्यता दिनु संविधान र कानुनको बर्खिलाफ भएको जसपा नेपालका प्रवक्ता समेत रहेका मधेश प्रदेश सभासद मनिष सुमनले भने, प्रतिनिधि सभाको बैठक आह्वान भइसकेको र दल विभाजन सम्बन्धी अध्यादेश निष्क्रृय भइसकेको अवस्थामा दल विभाजनको मान्यता दिने कुनै कानुन छैन।

काठमाण्डुमा रहेका जसपा नेपाल कार्यकारिणी समितिका उपलब्ध सभासदहरुको अनौपचारिक बैठक पछि प्रवक्ता सुमनले जारी गरेको विज्ञप्तिमा जसपा तिर लागेको सांसद, नेताहरुलाई फर्कन आग्रह गर्दै दल विभाजन भएको भ्रममा नपर्न सचेत गराइएको छ।

अमेरिका र कतारको भ्रमण गरी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सोमबार राति १ बजे काठमाण्डुमा अवतरण गर्ने बताइएको छ।

अध्यक्ष यादवको उपस्थितिमा मंगलबार हुने दलको बैठकले पछिल्लो घटना क्रमहरुको विषयमा थप निर्णय गरिने प्रवक्ता सुमनले बताए।

> सरकारबाट तत्काल हटनु पर्ने कुनै कारण नभएको कार्यकारिणी समिति सदस्य रहेका सांसद प्रकाश अधिकारीले जनाएका छन् । 'सरकारलाई दिएको समर्थन फिर्ता लिन अथवा सरकार छाड्ने कुनै त्यस्तो कारण देखिएको छैन' सांसद अधिकारीले भने, पार्टीको महाधिवेशनको सम्बन्धमा अध्यक्ष यादवसहितको बैठकले निर्णय लिनेछ ।

'वर्तमान संघीय गठबन्धन भत्काउने अथवा सरकार छाड्ने विषयमा कुनै छलफल भएको छैन ' उनले भने, जसपा नेपाल प्रमुख सत्ता साझेदार दल हो। तर निर्वाचन आयोगले गरेको निर्णय निन्दनीय रहेको उनले बताए।

सरकारबाट तत्काल हट्नु पर्ने कुनै कारण नभएको कार्यकारिणी समिति सदस्य रहेका सांसद प्रकाश अधिकारीले जनाएका छन्। 'सरकारलाई दिएको समर्थन फिर्ता लिन अथवा सरकार छाड्ने कुनै त्यस्तो कारण देखिएको छैन' सांसद अधिकारीले भने, पार्टीको महाधिवेशनको सम्बन्धमा अध्यक्ष यादवसहितको बैठकले निर्णय लिनेछ।

जसपाका केही नेताहरुले अध्यक्ष यादवलाई स्वदेशबाट फर्किन ढिला भएको बताएका छन् । 'हुजुर आप आतेआते बहुत देर कर दी' हिन्दी सिनेमाको गीत उद्घृत गर्दै जसपा तर्फ लागेका एकजना नेताले भने, अब ढिला भइसक्यो, पार्टीमै फर्किन गरेको आह्वानको अब कुनै औचित्य छैन।

जसपा विभाजनको नेकपा एसले निन्दा गरेको छ। संसदीय दलको बैठकमा जसपाको विभाजन गर्नु निन्दनीय रहेको ठहर गरिएको प्रमुख सचेतक मेटमणी चौधरीले बताएका छन्।


सत्ता साझेदार दल जसपाको विभाजनले सरकारलाई कुनै अप्ठ्यारो नहुने नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुंगले बताएका छन् । जसपाका नेताहरुले पार्टी विभाजनको कारण नै वर्तमान गठबन्धन सरकारलाई जोगाउनु रहेको बताएका छन्।

जसपा नेपालका नेताहरुले अध्यक्षलाई कुरिरहेका छन् । राजधानी बाहिर रहेका कतिपय नेताहरु अध्यक्ष यादवलाई मंगलबार भेट्न काठमाण्डु तर्फ लागेका छन् । मधेश प्रदेश सरकार हाल सुरक्षित रहेको बताइए पनि सत्ता गठबन्धनबाट अलग्गिए समस्या आउन सक्ने बलियो सम्भावना छ।




# वन मन्त्रालयमा लफडा, मन्त्री र राज्यमन्त्री अलग-अलग पार्टीमा





**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारको वन मन्त्रालयमा लफडा भएको छ । जनता समाजवादी पार्टी( जसपा)नेपालको भागमा रहेको सो मन्त्रालय पार्टी विभाजनसँगै लफडामा परेको छ।

वन तथा वातावरण मन्त्री रहेका नवल किशोर साह सुडी दल विभाजन गरी गठन गरिएको जनता समाजवादी पार्टी(जसपा)मा लागेका छन् । तर वन राज्यमन्त्री दीपक कार्की संस्थापन पक्ष जसपा नेपालमा नै रहेका छन्।

मन्त्री र राज्यमन्त्री दुई दलमा विभाजित भएकाले मन्त्रालयमा समस्या आउने बताइएको छ । सोमबार राज्यमन्त्री कार्की मन्त्रालय गएनन् । तर उनी जसपा नेपाल संस्थापन पक्षमा नै प्रतिवद्ध रहेको विज्ञप्ति सोमबार सार्वजनिक गरेका छन् । उनको निजी सचिवालयको तर्फबाट सोमवार जारी विज्ञप्तिमा राज्यमन्त्री कार्की बारे आएका समाचारहरुमा सत्यता नरहेको प्रष्ट गरिएको छ।

निर्वाचन आयोगमा दर्ता गरिएको जसपाको केन्द्रीय कार्य समितिको सचिवमा कार्कीको नाम राखिएको छ । उनले त्यसकोपनि खण्डन गरेका छन्।

जसपा नेपाल विभाजन सम्बन्धी बैठकहरुमा कार्की पनि सहभागी रहेको दाबी जसपाका उपमहासचिव प्रदीप यादवले गरेका छन्। 'वन राज्यमन्त्री कार्की हामीसितको बैठकमा सहभागी थिए' उनले भने, निर्वाचन आयोगमा उनी पुगेनन् । मन्त्री र राज्यमन्त्री एउटै दलका राखिने चलन रहेको उल्लेख गर्दै कार्की हट्न सक्ने उनले संकेत गरे।

यस सम्बन्धमा राज्यमन्त्री कार्कीसित पटक पटक सम्पर्कका लागि गरिएको प्रयास सफल हुन सकेन। उनलाई मन्त्री साहले हटाउन नसकेपनि प्रधानमन्त्रीले नै हटाउने जसपाका एकजना नेताले बताए।

कार्की धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट माओवादीका नेता एवं पूर्व मन्त्री मात्रिकाप्रसाद यादवलाई पराजित गरेका हुन्। मन्त्री रहेका नवलकिशोर साह भने जनमत पार्टीका अध्यक्ष सीके राउतका दाजु जेके राउतलाई पराजित गरेका थिए।

चैत ११ गते वन तथा वातावरण राज्यमन्त्री नियुक्त भएका कार्कीले अध्यक्ष यादवको निर्देशानुसार निर्णय लिने उच्च स्रोतले जनाएका छन्।



# अग्निपीडितलाई लहान नगरपालिकाको सहयोग

**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिका-१७ का आगलागीपीडित रामदेव राम र रामेश्वर रामलाई नगरपालिकाले राहत सामग्री उपलब्ध गराएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले एक समारोहकाबीच ५०/५० किलो चामल, त्रिपाल, भाँडाकुँडा, दाल, तेल, नुनलगायत दैनिक उपभोग्य सामग्री वितरण गरेका छन् ।

राहत सामग्री हस्तान्तरण गर्दै नगरप्रमुख चौधरीले अग्निपीडितको छानामा जस्तापाता लगाउन नगरपालिकाबाट थप २५/२५ हजार नगद उपलब्ध गराउने बताए । "आगलागीका कारण घर जलेकाले पालिकाले पीडितलाई जीविकोपार्जनमा सहज होस् भन्ने उद्देश्यले राहत सामग्री वितरण गरेको छ", उनले भने, "दलित तथा विपन्न समुदायलाई स्थानीय सरकार भएको महसुस गराउनु जनप्रतिनिधिको प्रमुख दायित्व हो ।"

इलाका प्रशासन कार्यालय लहान, इलाका प्रहरी र सशस्त्र प्रहरी लहानका प्रमुखको उपस्थितिमा राहत सामग्री हस्तान्तरण गरिएको थियो । एक साताअघि पीडित बस्दै आएको घर तथा कटेरोमा आगलागी भएको थियो ।

यसअघि मुस्लिम समुदायबाट पनि मोहम्मद सेराजको अगुवाइमा वडाअध्यक्ष प्रथमलाल चौधरीको उपस्थितिमा आगलागी पीडितलाई खाद्यान्न तथा लत्ताकपडा सहयोग गरिएको थियो । आगोले घर जलेपछि अस्थायी संरचना बनाउन स्थानीयले सहयोग गरिरहेका छन् ।

# विद्यापीठमा 'पचल कवल' भवन उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा.यादवप्रकाश लामिछानेले जनक हजारी विद्यापीठ क्याम्पसमा 'पचल कवल' भवनको उद्घाटन गरेका छन् ।




सोमबार जनकपुरधामस्थित नेपाल संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस जनक हजारी विद्यापीठमा 'पचल कवल' भवनको उद्घाटन गर्दै उपकुलपति प्रा.डा. लामिछानेले यस विद्यापीठको विकासका लागि पहल गर्ने बताएका छन् ।

यहाँको शिक्षा र संस्कृतिको विकाससंगै संरक्षण तथा सम्वर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकाले यस विद्यापीठको विकासका लागि आफूसमेत सकारात्मक रहेको बताए ।

उनले जनकपुरधाम क्षेत्रमा संस्कृत तथा धार्मिक संस्कृतिको संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण योगदान रहेको भन्दै प्रशंसासमेत गरे ।

उपकुलपति प्रा.डा. लामिछानेले संस्कृत शिक्षालाई हेर्ने दृष्टिकोणलाई राज्यले परिवर्तन गर्नुपर्ने बताए । उनले संस्कृत शिक्षालाई राज्यले विशिष्टिकृत गर्नुपर्नेमा समेत जोड दिए ।

संस्कृत भाषाको विकासका लागि राज्यले गुरुकुलीय शिक्षामा लगानी बढाउँदै संस्कृत भाषाप्रति उदार बन्नुपर्ने उनको भनाइ छ । सो उद्घाटन कार्यक्रम विद्यापीठका प्राचार्य श्याम गोइतको अध्यक्षतामा भएको थियो ।

# संसदीय समितिद्वारा फलामजन्य उद्योगको अनुगमन



**टुडे समाचारदाता**

बारा । उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिले बारा-पर्सा औद्योगिक फलामजन्य उद्योगहरुको अनुगमन गरेको छ । उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समिति अन्तर्गतको उद्योगहरूको अध्ययन, अनुगमन उपसमितिले तत्काल प्रदूषण नियन्त्रण प्रक्रियामा जान निर्देशन दिएको छ ।

अनुगमन समितिका संयोजक रेखा यादब नेतृत्वको संसदीय टोलीले उद्योगको अनुगमन गरेको थियो । उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समिति अन्तर्गतको उद्योगहरूको अध्ययन, अनुगमन उपसमितिले जगदम्बाले अतिक्रमण गरेको पर्सा राष्ट्रिय निकुञ्जको जग्गा र ५० औं वर्ष पुरानो भाङ्गे खोलाको समेत स्थलगत निरीक्षण गरेको थियो ।

अनुगमन पश्चात उपसमिति संयोजक यादवले जगदम्बा स्टिलबाट निस्किएको प्रदूषण र लेदो पानी तत्काल नियन्त्रण गर्न निर्देशन दिएकी छन् ।

अनुगमनको क्रममा उद्योगहरूले आफ्नो कमीकमजोरीलाई जबरजस्ती सकारात्मक देखाएर प्रस्तुत गर्न नहुने उपसमितिको ठहर छ ।

जगदम्बा स्टिलको स्थलगत अनुगमन गर्न आएको संसदीय अनुगमन टोलीले अशोक स्टिल, हामा आईरन र २ वर्षदेखि बन्द रहेको साःख स्टिलको समेत अनुगमन गरेको थियो ।

# दश हजार मेट्रिकटन दलहन उत्पादन

**टुडे समाचारदाता**

कलैया । बारामा यसवर्ष दस हजार मेट्रिकटन दलहन उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र बाराका प्रमुख राजनारायणप्रसाद साहले यसवर्ष किसानले विभिन्न प्रकारका दलहन खेती गरी १० अर्ब बराबरको कूल १० हजार ३ सय ५ मेट्रिकटन दलहन उत्पादन गरेका जानकारी दिए ।

उत्पादित दलहनको प्रतिक्विन्टल १० हजारको दरले बिक्रीवितरण भइरहेको र यसवर्ष यहाँका किसानले १० अर्ब ३० करोड ५० लाखभन्दा बढी आम्दानी गरेका उनले बताए ।

जिल्लमा मसुरो, रहर कुल ११ हजार ४ सय ५० हक्टरक्षेत्रफलमा खेती गरिएकामा १० हजार ३ सय ५ मेट्रिकटन उत्पादन भएको कृषिप्रचार अधिकृत रामजीवन ठाकुरले जानकारी दिए । गतवर्ष भने ११ हजार ६ सय ५० हेक्टर क्षेत्रफलमा खेती गरिएकामा ११ हजार ६९ मेट्रिकटन दलहन उत्पादन भएको ज्ञानकेन्द्रले जनाएको छ ।

# पर्साका वनक्षेत्र सुरक्षित, कृषि क्षेत्रमा आगलागी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा ग्रामीण कृषि क्षेत्रमा आगलागीका घटना घटे पनि वनजङ्गल भने अहिलेसम्म जोगिएको छ । नेपालका अधिकांश जिल्लामा वन डढेलो लागिरहेको बेला जिल्लाभित्र रहेका वनक्षेत्र सुरक्षित देखिएको छ ।

डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत सुनिलकुमार कर्णले पर्सामा यो याममा ठूलो प्रकृतिको डढेलो नलागेको बताए । "यो सिजनमा पर्सामा डढेलो लागेर वनजङ्गलमा काठ-दाउरामा ठूलो नोक्सानी भएको छैन तर कृषि उपज क्षेत्रमा भने आगलागीको समस्या देखिएको थियो", उनले भने, "सुरुआती चरणदेखि वनजङ्गलमा हुन सक्ने डढेलोको विषयमा सतर्कता र सावधानी अपनाउन भनेकाले पनि अहिलेसम्म यहाँको वनमा आगलागी भएको छैन ।"

पर्सामा चालु आर्थिक वर्षको करिब १० महिनामा आगलागीले ६ करोड बराबरको धनसम्पत्ति जलेर नष्ट भएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पर्सा जिल्लामा चालु आवको वैशाख २१ गतेसम्म पाँच करोड ७२ लाख बराबरको धनसम्पत्ति नष्ट भएको हो । पर्सामा गत वैशाख ८ गते सीमावर्ती भारतको गहुँ खेतबाट सल्किएको आगोले पर्साको छिपहरमाई गाउँपालिका-१ भलमहिया बस्तीका १५ किसानको अन्नबालीसहितको फुसको घर जल्दा १२ लाख ८४ लाख बराबरको क्षति भएको थियो । आगोले यहाँका १५ किसानको गहुँ, अन्नबाली, पराल, कुखुरा फर्म र फुसको घरलगायतमा क्षति पुऱ्याउँदा १२ लाख ८४ हजार बराबरको क्षति भएको छ ।

गत वैशाख ११ गते वीरगञ्ज महानगरका-१७ का महेन्द्र सहनीको फुसको घरमा विद्युत्को तार 'सट' भएर सुरु भएको आगलागीले सोही ठाउँका सातजनाको फुसका घरसहित अन्नपात, सुनचाँदी र पशुचौपाया जल्दा ५३ लाख ९० हजार बराबरको क्षति भएको थियो । "अन्य जिल्लामा जस्तो पर्सामा वन क्षेत्रमा डढेलो लागेको छैन," वन अधिकृत कर्णले भने ।

> पर्सामा गत वैशाख ८ गते सीमावर्ती भारतको गहुँ खेतबाट सल्किएको आगोले पर्साको छिपहरमाई गाउँपालिका-१ भलमहिया बस्तीका १५ किसानको अन्नबालीसहितको फुसको घर जल्दा १२ लाख ८४ लाख बराबरको क्षति भएको थियो ।

उनले जिल्लाका ६ वटा सबडिभिजन वन कार्यालयले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेकाले पनि वनमा आगो लगाउने काम नभएको हुनसक्ने बताए । "विगतमा राष्ट्रिय निकुञ्ज क्षेत्रमा चोरीसिकारी गर्नेले आगो लगाएर चोरीसिकारी गर्ने प्रवृत्ति थियो," उनले भने, "यसपाली सावधानी अपनाएकाले आगजनीको घटना हुन पाएको छैन तर अझै सावधानी र सतर्कता अपनाउन जरुरी देखिन्छ ।"

यद्यपि पर्साका एकाध वनमा डढेलो सुरु हुन खोजेपनि तुरुन्तै निभाइएका थिए । जिल्लामा ६ वटा सबडिभिजन वन कार्यालय छन् । पर्साको क्षेत्रफल एक लाख ४० हजार चार सय ३४ हेक्टर छ । जसमध्ये आठ दशमलव २३ प्रतिशत वन क्षेत्रले ओगटेको छ । डिभिजन वन कार्यालय मातहत ११ हजार चार सय ५१ दशमलव २८ हेक्टर वन क्षेत्र पर्दछ । यो तथ्याङ्कमा निकुञ्ज क्षेत्र भने समावेश गरिएको छैन ।

# तरकारी खेतीबाट मनग्य आम्दानी

**टुडे समाचारदाता**



राजविराज । सप्तरीको पश्चिम क्षेत्रको सुरुङ्गा नगरपालिकाका महिला तरकारी खेतीतर्फ आकर्षित भएका छन् । सुरुङ्गा नगरपालिका-९ टिकुलियाका महिलाले समूह बनाएर तरकारी खेती सुरु गरेका छन् ।

महिलाको सक्रियतामा दिनाभद्री कृषक समूह बनाएर दलित समुदायका महिला यति बेला तरकारी खेतीमा लागेका छन् । पन्ध्र महिलाको समूहले तरकारी खेतीबाटै मनग्य आयआर्जन गरेका छन् । उनीहरुलाई 'सेभ द चिल्ड्रेन'को सहयोगमा 'सबल नेपाल' संस्थाले बीउबिजन र मलखाद सहयोग गरेको छ ।

कृषक समूहकी अध्यक्ष कविताकुमारी सदाले विगतमा आफूहरु बेरोजगार बनेर घरमै बस्दैआएकामा हाल तरकारी उब्जाएर पैसा कमाउन थालेको बताए । उनीहरुलाई सबल नेपालले तरकारी खेती गर्नेबारे तालिमसमेत दिएको छ । उनले भनिन्, "त्यत्तिक्कै बस्नुभन्दा मेहनत गरेर खाने सोचका साथ तरकारी खेती गर्न थालेका हौं, तरकारी खेती गरेरै घरखर्च चलाउनुका साथै केही पैसा बचतसमेत गर्दैआएका छौं ।"

करिब १४ कट्ठा जग्गामा दलित महिला मिलेर तरकारी खेतीमा संलग्न छन् । उनीहरुले बिहान आफ्नो घरको काम सघाएर बाँकी समय तरकारी खेतीमा बिताउने गरेको सबल नेपालका कृषि अधिकृत आशिष चौधरीले बताए । उनले भने, "दलित महिलाको आर्थिक समृद्धिका लागि सेभ द चिल्ड्रेनको साझेदारीमा समुन्नति कार्यक्रमअन्तर्गत सबल नेपालले तरकारी खेती गर्नका लागि बीउबिजन, प्राङ्गारिक मल, कृषि औजारलगायत सहयोग गरेको छ । यसबाट उनीहरु आत्मनिर्भर बन्दैगएका छन् ।"

दिनाभद्री कृषक समूहका सदस्य ललिता सदाले समूहको तरकारी खेतीबाट आम्दानी गरेर आफ्नो घर व्यवहार चलाएर छोराछारीको पठाइ खर्चसमेत निकाल्ने गरेको बताए । सिँचाइ अभाव रहेको बेला सबल नेपालले कृषि मिटर सहयोग गरेका कारण पानीको अभाव नहुँदा अहिले तरकारी खेती गर्न समस्या नभएको उनको भनाइ छ । उनीहरुले लौका, फर्सी, खुर्सानी, भन्टा, काँक्रो, प्याजलगायत तरकारी उत्पादन गर्दैआएका छन् ।

आफ्नै बारीमा उब्जेका तरकारी नजिकैको टिकुलिया हटियमा तरकारी आफैं बसेर बिक्री गर्दा आम्दानी गर्न सकिएको समूहकी सदस्य तिलिया सदाको भनाइ छ । उनले भने, "तरकारी खेतीले आफ्नो दैनिक खानाको लागि पुग्ने र बचेका तरकारी नजिकको हटियामा बिक्री गरेर आम्दानी गर्ने गरेकी छु ।"

सुरुङ्गा नगरपालिका-२ कमलपुरका कृषकले समेत तरकारी खेतीबाट वार्षिक लाखौंको आम्दानी गर्न थालेका छन् । चन्द्रमुखी कृषक समूह गठन गरेर यहाँ तरकारी खेती गरिएको छ । व्यक्तिगत जग्गामा अहिले उनीहरु साग, प्याज, बोडी, खुर्सानी, मुला, फर्सीलगायत तरकारी उत्पादन गर्न थालेका छन् । समूहका सदस्य राजकुमार महतो चार छोरा/छोरीलाई उच्च शिक्षा पढाउन तरकारी खेतीमा जुटेको बताए । मलेसियाबाट आएपछि उनले पाँच कट्ठा जग्गामा तरकारी खेती गरेर अहिले वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्दैआएको छ ।

यस्तै धीरेन्द्र यादव पनि बुबाले गरेको तरकारी खेतीमा सधैं सघाउछन् । उनी कक्षा १२ मा स्थानीय विद्यालयमा अध्यनरत छन् । बिदाको समयमा तरकारी खेतीमा सहभागी हुने गरेको उनले बताए । चन्द्रमुखी कृषक समूहका अध्यक्ष जीवनप्रसाद यादवले १० बिघामा सामूहिकरुपमा तरकारी खेती गरेका छन् । यस क्षेत्रमा घोरगाधा र बादरको आङ्तक रहेको बाबजुत पनि तरकारी खेतीबाट लाखौंको आम्दानी गर्न किसान पछि हटेको छैनन् । सबल नेपालले सोलार पम्प सहयोग गरेपछि तरकारी खेतीमा ऊर्जा थपिएको सदस्य रामवती महतोले बताए ।

खडक नगरपालिका-४ अमहाका कृषक समूहले तरकारी खेतीबाट वार्षिक लाखौं आम्दानी गर्दै आएका छन् । नगरपालिकाको अमाहा टोलका रामजानकी कृषक समूहका १८ सदस्यले तरकारी खेतीले वार्षिक ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्ने गरेका समूहका सदस्य सुनिता बस्नेतको भनाइ छ । सो बस्तीका करिब दुई सय परिवारले तरकारी खेती गर्दैआएका छन् ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदहस्थित कोशी नदी किनारमा किसानले गरेको खरबुजा खेती । तस्बिर : रासस

# सरकारलाई विद्यार्थीको ज्ञापन

टुडे समाचारदाता

मलंगवा । सर्लाहीका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।



विद्यार्थीको अनुपातमा तहगत र बिषयगत शिक्षक दरबन्दी कायम गरी शिक्षकको व्यवस्था गर्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका आजपा जिल्ला कमिटी सर्लाहीले सोमबार दिउँसो पमुख जिल्ला अधिकारी कोमल प्रसाद धमला मार्फत संघीय र प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।

शिक्षा ऐन विपरीत गरिएको शिक्षक दरबन्दीको असमान वितरण खारेज गर्नुपर्ने, विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने, जनताको मौलिक हक विपरीतका सबै शुल्कहरुको अन्त्य गरी वार्षिक पोशाक र दैनिक दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित एवं सार्वजनिक यातायातको भाडामा ४५ प्रतिशत सहुलियतलाई कडाइका साथ लागु गर्नुपर्ने तथा सामुदायिक विद्यालयहरुले अंग्रेजी माध्यममा पढाइको नाममा विद्यार्थीसँग उठाउने विभिन्न शुल्कहरु लिनबाट रोक्नुपर्ने लगायतका मागहरु आजपाको रहेको पार्टीका प्रवक्ता चन्द्रभुषण साहले बताए ।

४० देखी ५० विद्यार्थी संख्यामा एकजना शिक्षक रहने सरकारी मान्यता विपरीत मधेशमा ८० देखी एक सय विद्यार्थी बराबर एक शिक्षक रहेको र हजारौं विद्यालयमा शिक्षक दरबन्दी शून्य रहेको साथै विषयगत शिक्षकको पुरै अभाव रहेको विडम्बनापूर्ण स्थितिमा विद्यार्थीको भविष्यको लागि आन्दोलन मात्र एक विकल्प रहेको आजपाका प्रवक्ता साहले बताए ।

# किसानलाई डालेघाँसको बीउ वितरण

टुडे समाचारदाता

जलेश्वर । आफ्नै घरआँगनमा डालेघाँसको बीउ पाएपछि महोत्तरीको मटिहानीका पशुपालक किसान खुसी भएका छन् । पशुका लागि पौष्टिक आहार मानिने मेनदोला, भटमासे र बकाइनोको बीउ पाएपछि यहाँका किसान दङ्ग भएका छन् । किसानलाई मटिहानी नगरपालिका र हेफर प्रोजेक्टको 'कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना' कार्यक्रमले सोमबार डालेघाँसको बीउ वितरण गरिएको छ ।

विभिन्न समूहमा आबद्ध महिला किसानलाई जनही मेनदोला-५५०, बकाइनो-१५० र भटमासे-१२० ग्राम दिइएको परियोजना संयोजक महेश यादवले बताए । यी घाँस दुधालु वस्तुमा दूध बढाउने, हलक्क बढाउने र मासु प्रयोजनका पशु चाँडै हुर्कने र मासु खँदिलो हुने परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत मिथिलेश झाको भनाइ छ ।

आफ्नै घरआँगनमा पोसिलो घाँसको बीउ पाएपछि अब पशुवस्तुका लागि घाँस खोज्न कहाँ जाने भन्ने चिन्ता हराएको पशुपालक महिला किसानको भनाइ छ । "प्रतिकूल मौसममा घाँस खोज्न, काट्न र घरसम्म ल्याउन हम्मे नै पर्थ्यो," मटिहानी-२ का पशुपालक किसान विमला खत्वेले भने, "अब आफ्नो घर नजिकै बारीमा घाँस हुर्काएपछि निकै सजिलो हुनेछ ।" खत्वेजस्तै मटिहानी-३ का ललितादेवी मण्डल र मटिहानी-९ का बच्चीदेवी साफीले पनि अब घरपालुवा पशुवस्तुलाई आफ्नै बारीमा उत्पादित पोसिलो घाँस खुवाउन पाइने भएपछि खुसी लागेको प्रतिक्रिया दिए ।

मटिहानीमा विभिन्न समूहमा आबद्ध महिला किसानले परियोजनाको सहयोगमा उन्नत जातका बाख्रा र कोरेली बाछी पाल्दै आएका छन् । सोमबार विभिन्न समूहमा आबद्ध दुई सयभन्दा बढी महिला किसानले डाले घाँसको बीउ पाएका छन् ।

महिला किसानलाई आयआर्जनमा उत्प्रेरित गर्न यो परियोजनाले निकै सघाउ पुऱ्याएको नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ छ । नगरका साना पूँजीका महिला परियोजनाको सहयोगबाट पशुपालनमा लागेपछि आर्थिक रुपमा आत्मनिर्भर बन्दै गएका मण्डलले बताए । मटिहानी नगरपालिकाले बर्सेनि कृषिलक्षित कार्यक्रम सञ्चालन गर्दै आएको छ । पछिल्ला पाँच वर्षयता बर्सेनि मौसमअनुसारका फलफूल, तरकारी र अन्नबालीका बीउ/बिरुवासँगै आवश्यक प्रविधिको सहयोग गरिँदै आइएको नगरप्रमुख मण्डलको भनाइ छ ।

पछिल्लो समयमा परियोजनाको सहयोगले हौसिएका नगरका महिला बाख्रा, कोरेली बाछीपालनमा उत्साहित देखिँदा छन् । "हामी अब आफैँ केही गर्न सक्ने भयौँजस्तो लागेको छ," मटिहानी-२ का पशुपालक किसान सुजिता यादवले भनिन्, "परियोजनाले हामीलाई आत्मनिर्भर बनाउँदैछ ।"

# 'विपद् व्यवस्थापनमा स्थानीय तहबीच सहकार्य जरूरी छ'

काठमाण्डु । ललितपुर महानगरपालिकालगायत विभिन्न चार स्थानीय तहका प्रमुखहरूले विपद् व्यवस्थापन र प्रतिकार्य योजनामा सहकार्यका साथ अगाडि बढ्नुपर्ने बताएका छन् । ललितपुर महानगरपालिकासहित कैलालीको धनगढी उपमहानगरपालिका, डडेल्धुराको अमरगढी नगरपालिका र बझाङको जयपृथ्वी नगरपालिका प्रमुखहरूले त्यस्तो बताएका हुन् ।




सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा सुपर परियोजनाको समन्वयमा सोमबार आयोजित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी, भूमिका र पहलकदमीसम्बन्धी कार्यक्रममा उहाँहरूले त्यस्तो बताउनुभएको हो ।

कार्यक्रममा ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन महानगरले हरसम्भव प्रयास गरिरहेको बताउनुभएको छ । उहाँले विपद्को समयमा खोज, राहत तथा उद्धार कार्यमा सूचना पाएको चार मिनेटमा आकस्मिक विपद् प्रतिकार्यगर्ने नीतिका साथ महानगरले काम गरिरहेको बताउनुभयो । महर्जनले सङ्घीय सरकार र प्रदेश सरकारले विपद् प्रतिकार्य अभ्यासमा पर्याप्त ध्यान दिननसकेको अवस्थामा महानगरले आफ्नो जिल्ला र उपत्यकाका छिमेकी स्थानीय तहहरुसँग सहकार्य गरेर यसकार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने बताउनुभयो । "विपद व्यवस्थापनका काममा कहिल्यै सन्तुष्ट हुन सकिँदैन तथापि महानगरले विपद्का समयमा जनशक्तिका साथै नयाँ प्रविधिको प्रयोग पनि आवश्यक हुँदोरहेछ भन्ने ध्येयले आवश्यक काम गरिरहेको छ । अहिले हामीले एउटै छानामुनि विपद् व्यवस्थापनका लागि आवश्यक सबै व्यवस्था गरेका छौँ र विपद् व्यवस्थापनमा दमकलसँगै एम्बुलेन्स खटाउने नीति पनि लागूगरिसकेका छौँ",महर्जनले भन्नुभयो ।

विपद्मा परेकाहरूको सहयोग गर्नेमात्र नभई त्यस्ता कार्यमा खटिने कर्मचारीलाई पनि सुरक्षित राख्नुपर्ने आवश्यकता औँल्याउँदै महानगरले भूकम्पको जोखिमबाट बच्ने र उद्धार गर्ने विषयमा कर्मचारीलाई तालिम दिइसकेको र यस्ता कार्यमासुरक्षा निकायलगायत संघसंस्थाबाट सहयोगप्राप्त भइरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा कैलालीको धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले विपद् व्यवस्थापनका विषयमा ललितपुर महानगरबाट धेरै कुरा सिकेर आफ्नो पालिकामा पनि लागूगर्न सफलभएको बताउनुभयो । नगरप्रमुख हमालले ललितपुर महानगरबाट फोहर व्यवस्थापनदेखि विपद् व्यवस्थापनका क्षेत्रमा आफूले धेरै सिक्ने अवसर पाएको बताउनुभयो । "अरु पालिकामा जाँदा भव्य स्वागत त गर्नुहुन्छ तर आफ्ना असल अभ्यासबारे हामीलाई सिकाउँदैनन् । त्यसैले अरुले लुकाउँछन् तर ललितपुरले हामीलाई धेरै सिकाएको छ । त्यसमा पनि महानगर प्रमुखले हामीले यस्तो काम गरिरहेका छौँ तपाईँहरूले पनि लागूगर्दा राम्रै होला भनेरसुझाव दिनुहुन्छ । यसले हामीलाई सहज भएको छ", हमालले भन्नुभयो ।

फोहरमैला र विपद् व्यवस्थापनका लागि आफ्नो नगरपालिकाले विद्यालयतह र समुदायस्तरमा सचेतनाका काम अगाडि बढाउँदा काम गर्न सहज भएको बताउनुभयो । उहाँले धनगढीमा प्लास्टिक बन्देज गरेको डेढवर्ष भइसकेको र सूर्तीजन्य पदार्थको नियमन पनि भइरहेको जानकारी गराउनुभयो ।

यस्तै, डडेल्धुराको अमरगढी नगरपालिकाका प्रमुख डिल्लीराज जोशीले स्थानीय तह अधिकारका हिसाबले सम्पन्न भए पनि आर्थिक स्रोतको अभावमा धेरै काम गर्न नसकिएको बताउनुभयो । उहाँले भूकम्पलगायत विपद् जोखिम न्यूनीकरणका लागि नगरले सचेतना अभिवृद्धिका काममा जोड दिइरहेको बताउनुभयो । "सुदूरपश्चिम भौगोलिक दृष्टिले भूकम्पको जोखिममा छ । पहाडी जिल्लामा मानवीय त्रुटिका कारण पनि बढी जोखिम छ । अहिले हामीले जोखिम न्यूनीकरणका लागि जनचेतना जगाउने कार्य गरिरहेका छौँ अब यहाँबाट सिकेका कुरालाई लागूगर्ने प्रयासमा लाग्ने छौँ", जोशीले भन्नुभयो ।

बझाङको जयपृथ्वी नगरपालिकाका प्रमुख चेतराज बरालले जिल्ला नै भूकम्प र बाढीको उच्च जोखिममा रहेकाले जतिबेला पनि जोखिममा पर्ने अवस्था रहेकाले सोहीअनुसार नगरले योजना बनाइरहेको बताउनुभयो । "विपद्का लागि भर्खरै ऐन पारित गरेका छौँ, त्यसको कार्यान्वयनका लागि धेरै काम गर्न बाँकी छ । राष्ट्रिय मापदण्डलाई आधार मानेर भवन निर्माणसंहिता लागूगर्ने तयारीमा छौँ" बरालले योजना सुनाउनुभयो ।

ललितपुर महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले विपद् व्यवस्थापनमा ललितपुर महानगरले अन्तर्राष्ट्रिय अभ्यासहरूलाई प्रयोग गर्ने प्रयास गरिरहेको बताउनुभयो । "मन्त्रालयको प्रतिनिधिसहित तीनवटा पालिकाको भ्रमणले सिकाइ र असल अभ्यासको साटासाट गर्ने अवसर मिलेको छ । भूकम्पीय जोखिम रहेको जापानको अभ्यासबाट नागरिकलाई सचेत गराउनुपर्छ भन्ने अनुभूत गर्दै यहाँ पनि विपद् प्रतिकार्यको अभ्यासबारे सिकाउने प्रयास गरिएको छ", शाक्यको भनाइ थियो । उहाँले प्राकृतिक विपत्ति र मानवनिर्मित विपत्तिबाट बच्न कोष खडा गर्ने र विपदजन्य समस्या समाधानलाई प्राथमिकतामा राखेर काम भइरहेको उल्लेख गर्नुभयो ।

सुदूरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सुशील बैद्यले समुदाय र विद्यालयस्तरमा सचेतना अभियानलाई केन्द्रमा राखेर मन्त्रालयले आवश्यक कार्य गरिरहेको बताउनुभयो । पछिल्लो समय प्रदेशस्तरमा विपद् व्यवस्थापन प्राधिकरण चाहिन्छ कि भन्ने बहस पनि चलिरहेको उहाँले जानकारी दिनुभयो ।

त्यसअवसरमा भूकम्प प्रविधि राष्ट्रिय समाज ९एनसेट० का कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले महानगरपालिकाको प्रयास र अभ्यास राम्रो रहेको भन्दै विपद् का समयमा तालिमप्राप्त जनशक्तिका साथै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी मिलेर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले विपद् प्रतिकार्यका लागि विकेन्द्रीकृत सेवा प्रवाहको कार्यनीति आवश्यक रहेकामा समेत जोड दिनुभयो ।

कार्यक्रममा धनगढी उपमहानगरपालिका, अमरगढी नगरपालिका डडेल्धुरा र जयपृथ्वी नगरपालिका बझाङका नगरप्रमुख र विपद् सम्पर्क व्यक्ति, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालयका सचिव र सम्बन्धित मन्त्रालयका विपद् सम्पर्क व्यक्तिको उपस्थिति रहेको थियो ।रासस

# हिरासतमै छँदा अस्पताल भर्ना हुन सिफारिस अनिवार्य

काठमाण्डु । अनुसन्धान वा अभियोजनका क्रममा पक्राउ परेका व्यक्ति अस्पताल बस्नु परे सरकारी अस्पताल वा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकको सिफारिस अनिवार्य गरिएको छ । तर मानसिकरुपमा अस्वस्थ वा अस्पतालमै बसेर उपचार गराउनुपर्ने दीर्घ रोगीको हकमा भने सिफारिस अनिवार्य गरिएको छैन ।




पक्राउ पर्ने व्यक्तिहरु हिरासतमा नबसी अस्पताल भर्ना हुने प्रवृत्तिप्रति जनस्तरबाटै प्रश्न उठेपछि गृह मन्त्रालयले मन्त्रीस्तरीय निर्णयअनुसार उक्त व्यवस्था गरेको हो । पक्राउ परेका व्यक्तिहरुलाई अस्पताल बस्न चिकित्सकले गर्ने सिफारिस समेत असामान्य र अविश्वसनीय भएको भन्दै यस्तो प्रवृत्ति न्यूनीकरण गर्न उक्त व्यवस्था गर्न लागिएको जनाइएको छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सचिवालयले आज सार्वजनिक गरेको विवरणअनुसार अस्पताल लैजानुपर्ने विकल्पका रुपमा हिरासतमै सरकारी अस्पताल अथवा नेपाल मेडिकल काउन्सिल दर्ता चिकित्सकले परीक्षण गरेर मात्रै अस्पताल राख्नुपर्ने/नपर्ने सम्बन्धमा निर्णय हुने र सोहीअनुसार गर्न निर्देशन दिइएको जनाएको छ ।

तर शारीरिक एवं मानसिक रुपमा अस्वस्थ भएको अवस्था, दीर्घरोगीहरु जस्तैः उच्च रक्तचाप, मधुमेहलगायत नियन्त्रण नभएर अस्पतालमै बसेर उपचार गर्नुपर्ने अवस्थामा भने अस्पताल लग्नुपर्ने निर्देशनमा उल्लेख गरिएको छ । अस्पतालमा निगरानीका लागि ४८ घण्टाभन्दा बढी राख्नुपरेमा उपयुक्त कारण खुलाउनपर्ने पनि गृहमन्त्रालयले जनाएको छ । प्रहरी नियन्त्रणमा रहेका व्यक्तिलाई चिकित्सकीय सहायता उपलव्ध गराउने हालको कानूनी प्रबन्ध र अभ्यासलाई वस्तुगत, तथ्यपूर्ण र विश्वसनीय बनाउन मन्त्रालयले गत चैत १३ गते नेपाल मेडिकल काउन्सिललाई अध्ययन गरी रायसहितको प्रतिवेदन दिन अनुरोध गरेको थियो ।

काउन्सिलले यही वैशाख २३ गते बुझाएको प्रतिवेदनका आधारमा गृह मन्त्रालयले तीन बुँदे निर्णय गरेको जनाइएको छ । गृह मन्त्रालयको आग्रहअनुसार अध्ययन गर्न काउन्सिलले सदस्य डा विश्वराज दवाडीको संयोजकत्वमा नौ सदस्यीय समिति बनाइएको थियो । पहुँचका आधारमा हिरासत छल्ल स्वास्थ्यलाई बहाना बनाउने घटना यदाकदा देखिएको भन्दै पदभार ग्रहण लगत्तै मन्त्री लामिछानेले यसबारे चासो लिएर छलफल सुरु गर्नुभएको थियो ।

"आवश्यक पर्दा उपचार पाउनु सबैको हक हो । राज्यले त्यो हक सुरक्षित गर्छ । तर कतिपय घटनामा हिरासत छल्न नै अस्पताल जाने प्रवृत्ति पनि देखिएकाले सबैलाई समान व्यवस्था र व्यवहार होस् भनेर केही व्यवस्था गर्ने निर्णय भएको हो", गृहमन्त्री लामिछानेको भनाइ उदृत गर्दै उहाँको सचिवालयले उल्लेख गरेको छ ।रासस


मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३,सप्तरी, मधेश प्रदेश, नेपाल

डीन अनुसंधान निर्देशक तथा परीक्षा नियन्त्रक पदपुर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :-२०८१/०१/२५


यस विश्वविद्यालयमा देहाय वमोजिमका पदहरुमा पदपुर्ति गर्नु पर्ने आवश्यक भएको हुँदा न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन दस्तुर बुझाएको प्रमाण, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता तथा अनुभवको प्रमाण पत्र Scan गरि mau@mau.edu.np मा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्रस | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | डीन | १ | कृषि/ पशु/मत्स्य बिषयमा कम्तिमा स्नातकोतर उतीर्ण र कम्तिमा सह प्राध्यापक पदमा कार्य गरेको अनुभव प्राप्त व्यक्ति Ph.D. गरेकोलाई ग्राहयता । |
| २ | अनुसन्धान निर्देशक | १ | कृषि विषयमा Ph.D. गरेको र अनुसन्धान संस्थामा कम्तिमा दश वर्ष कार्य गरेको अनुभव वा सह प्राध्यापक पदमा कार्य गरेको अनुभव प्राप्त व्यक्ति । |
| ३ | परीक्षा नियन्त्रक | १ | कम्तिमा स्नातकोतर उतीर्ण भई सह-प्राध्यापक पदमा कार्य गरेको तथा परीक्षा व्यबस्थापनको सम्बन्धमा अनुभव प्राप्त व्यक्ति Ph.D. गरेकालाई ग्राहयता । |

पदपुर्ति सम्वन्धि अन्य शर्तहरू

१. दरखास्त दिने अवधिः २०८१/०१/२५ देखि २०८१/०२/०८ सम्म
२. उमेरको हद : ४५ बर्ष पुरा भई ६५ बर्ष ननाघेको ।
३. परीक्षाको किसिम र समय : प्रस्तुतीकरण/प्रयोगात्मक र अन्तर्वार्ता ।
४. आवेदन दस्तुर रु १,५०० मधेश कृषि विश्वविद्यालयको नाममा प्रभु बैंक, राजविराज, सप्तरीको खाता नं. ०६९०१५४२१८७०००१२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न गर्नु पर्नेछ ।
५. परीक्षाको मिति र समयः सम्पर्क मितिमा तोकिनेछ ।
६. सम्पर्क मिति पछि तोकिने छ र विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाईट www.mau.edu.np मा हेर्न सकिने छ ।

विश्वविद्यालय प्रशासन



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# यादवले शिक्षा लिनुपर्छ

जनता समाजवादी पार्टी(जसपा) नेपालमा अवसरवादीहरुलाई हावी गराउँदाको परिणाम आजको विभाजन हो ।जसपाका अध्यक्ष उपेन्द्र यादवले अवसरवादीहरुको पहिचान गर्न नसक्दा पटक पटक धोका खाँदै आएका छन् ।राजनीतिमा कठोरतापनि आवश्यक छ ।तर अहंकार ठिक हुँदैन् ।जसपाका अध्यक्ष यादवमा अहंकार धेरै देखियो ।तर व्यक्तिलाई पहिचान गर्ने क्षमता अत्यन्त कमजोर छ ।त्यसैकारण उनी पटक पटक धोका खादै आएका छन् ।उनी सत्तालाई केन्द्रमा राखेको आरोप छ ।त्यो हरेक नेताको कमजोरी हो ।उनी राजनीतिमा थुप्रै काम उदाहरणीय गरेका छन् ।पहिचानका लागि लड्नेहरुको मार्ग सहज हुँदैन् ।उनीपनि त्यै कठिन मार्गमा हिडेकाले पटक पटक समस्यामा पर्ने गरेका छन् ।उनलाई जनताले अविश्वास गरेका छैनन् ।जनधरातल बलियो भएपनि उनी आफ्नालाई पाखा र स्वार्थीलाई काखी च्याप्दाको परिणाम पनि भोग्नु परिरहेको छ ।संघीयता र पहिचान बिरोधीहरुले उनलाई हमेशा आक्रमणको केन्द्रमा राखेका छन् ।यादव कुशल संगठनकर्ता हुन् ।उनले धोका दिने चाप्लुस र प्रलोभन दिनेलाई पत्याउछन् । आठौ विभाजनबाट विचल्लित नभएका अध्यक्ष यादव नवौं विभाजनबाट पनि बिचल्लित हुने छैनन् ।तर उनले आवश्यकता भन्दा बढी विश्वास गरेका नेताबाट अनपेक्षित धोका खाएका छन् ।राजनीतिमा सबै जायज हुन्छन् भने कथन छ ।तर राजनीतिमा इमान्दारी सर्वोपरि हो ।इमान्दारी नभएका नेताले ठूलै पद पाएपनि त्यो कलंकित हुन्छन् ।इमान्दार नेता पदमा जान नसकेपनि अनुकरणीय बन्छन् ।उपेन्द्र यादव धेरै विदेश भ्रमणमा गए ।उनी पटक पटक उपप्रधानमन्त्री बने ।त्यो उनको कमजोरी हो ।तर देशमा पाँच पटक सम्म प्रधानमन्त्री भएका नेताहरुपनि सकृय राजनीतिमा नै छन् ।वर्षौ देखि पार्टीको नेतृत्वदायी पद ओगटेका नेताहरुपनि कम्ति छैनन् ।लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)मा स्थापना भएदेखि हाल सम्म एकै जना अध्यक्ष छन् ।उपेन्द्र यादवमा सबै दोष देख्नेहरुले छेउछाउका नेताहरुलाईपनि हेरेभने कतिपय भ्रम निवारण हुन सक्छ ।उपेन्द्र यादवको कमजोरीको बहिखाता पल्टाउनेहरुले उनको विशेषताको फेहरिस्त समेत हेर्न सक्नुपर्छ ।श्रीमानुश्रीमती नै सांसद हुने अशोक राईलाई राजनीतिमा जीवित राखेकै उपेन्द्र यादवले हो ।वार्डमा समेत २ सय मत नपाउने राजेन्द्र श्रेष्ठलाइ सदैव पदासिन बनाइराख्ने यादव नै हुन् ।पाँच वर्ष मधेश प्रदेशमा रजाइ गर्न दिएका नवलकिसोर साह उनकै कृपाले अहिलेनि मन्त्री छन् ।प्रदीप यादवले पाएको पहिचानमा उपेन्द्र यादवको योगदान बिर्सन लायक छैन् ।तर अध्यक्ष यादवले रेनु यादव, प्रदीप यादवसित गरेको व्यवहारपनि दुखद नै हो ।यो घटनाबाट अझैपनि उनले शिक्षा नलिए भविष्यमा माथि उठ्न कठिन हुनेछ ।

# जसपा विभाजन : तत्कालीन सम्भावनाहरु



रोशन जनकपुरी

बितेको दुई दिनमा नेपाली सत्ता राजनीतिमा कुनै तिव्र गतिको सिनेमाका दृश्य जस्तै घटनाहरु घटित भै रहेका छन् । समग्र परिदृश्यको शीर्षमा जनता समाजवादी पार्टी नेपाल (जसपाने)मा आएको विभाजन देखिएको छ। पार्टी विभाजनमा अग्रपंक्तिमा देखिने राजेन्द्र श्रेष्ठ र प्रदीप यादव लगायतका जसपा नेताहरुले यसलाई पार्टी अध्यक्ष उपेन्द्र यादवको मनोमानीपूर्ण व्यवहार र एकल महत्वाकांक्षाको कारण बाध्यात्मक भनिरहेका छन् । तर विगत केही हप्तादेखि जसरी सत्ता गठबन्धनभित्र एक अर्का घटकप्रति शीर्ष नेताहरुले असन्तुष्टि व्यक्त गर्दै आइरहेका थिए, र सत्ताका साना घटकदलहरु नयाँ विकल्पको खोजीमा रहेका समाचारहरु आइरहेका थिए, त्यस परिप्रेक्ष्यमा विचार गर्ने हो भने जसपानेको यो विभाजन त्यसैको परिणाम मध्येको एक हो भन्ने अनुमान गर्नु अस्वाभाविक हुँदैन । नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी ओलीले आफ्नो पार्टीबाट विभाजन भई गएको माधव नेपालको नेतृत्वको नेकपा (एकीकृत समाजवादी)लाई पार्टीको रुपमास्वीकार्न नचाहेको र सुदूर पश्चिम प्रदेशसभामा सरकार बनाउन समर्थन नदिनुले गठबन्धनभित्र असन्तुष्टि बढदै गैरहेको थियो । यस कारण एकीकृत समाजवादीका अध्यक्ष नेपालले आफ्नो मनको बेचैनी यसरी अभिव्यक्त गरिरहेका थिए, मानौ उनी नयाँ विकल्पको खोजीमा छन् । यसरी नै आफूले खोजेको मन्त्रालय नपाएर असन्तुष्ट जसपाने अध्यक्ष उपेन्द्र यादवपनि असन्तुष्ट देखिएका थिए । यसमा नेपाली काँग्रेसका नेताहरुको बोलीले समेत सम्वेदशीलता बढाई रहेको थियो । यसै क्रममा सुदूर पश्चिम प्रदेशमा सरकार गठनमा एकीकृत समाजवादीलाई नेपाली काँग्रेसले समर्थन दिने अभिव्यक्ति तथा नेपाली काँग्रेसका नेताहरु संग जसपा अध्यक्ष उपेन्द्र यादवको भेँटले एमाले र माओवादी केन्द्रको सरकारी गठबन्धनमा अविश्वासको मात्रा बढेको मिडिया विश्लेषणलाई पनि उपेक्षा सकिँदैन । जसपानेको विभाजनले र विभाजित हिस्साले प्रचण्ड नेतृत्वको गठबन्धन सरकारलाई समर्थन जारी राख्ने निर्णयले एमाले र माओवादी केन्द्रलाई राहत दिन सक्छ । उनिहरुले गठबन्धन सरकारमाथी बढदै गएको सम्भावित संकट टरेको महसुस गर्न सक्छन् ।

तर जसपाने अध्यक्ष उपेन्द्र यादव नेतृत्वको निम्ति एक पटक फेरी आफूलाई अव्वल साबित गर्ने चुनौती थपिएको छ । यस पटक भने उनलाई भावनात्मकस्तरमा समेत चोटिल बनाएको हुनसक्छ ।यस पटकको विभाजनमा पार्टीभित्रका उनका विरोधीहरु त छँदै थिए, उनले आफै जोड गरेर बनाएका सांसद र नेताहरु समेत उनलाई छाडेर गएका छन् । यस विभाजनमा अग्रपंक्तिमा देखिएका रेणु यादव र प्रदीप यादव प्रभृत नेताहरु त उनका परिचित विरोधीहरुनै थिए । उनीहरुले दुईवर्ष पहिले नै पार्टी विभाजित गर्ने प्रयत्न गरेका थिए। तर त्यतिबेला उनले राजपासंग रातारात एकता गरेर आफूलाई बलियो बनाएका थिए, र आवश्यक संख्या जुटाउन नसकेर पार्टी विभाजन रोकिएका थिए । त्यसैले यिनीहरु पार्टी विभाजनमा सक्रिय हुन अस्वाभाविक थिएन । तर राजेन्द्र श्रेष्ठ, नवल किशोर यादव र रन्जू झा, जस्ता अध्यक्ष यादवका निकटस्थ मानिने नेताहरुपनि यस विभाजनमा अर्को कित्तामा देखिनु उनको निम्ति भावनात्मक हुनसक्छ ।

हुन त पार्टी विभाजन उपेन्द्र यादवको निम्ति नयाँ कुरा होइन। ०५४ सालमा मधेशी जनअधिकार फोरम नेपालको स्थापनापछि, विशेष गरेर गणतन्त्रपछिको आफ्नो राजनीतिक यात्रामा उपेन्द्र यादवले कयौँ पटक विभाजन बेहोरेका छन् र मधेशी राजनीतिको कार्ड खेलेर चुनाव र केन्द्रिय राजनीतिमा पनि आफूलाई अव्वल साबित गर्दै आएका छन् । महन्थ ठाकुर लगायतको राजपासंगको एकता वा फूट होस, अथवा डा. बाबूराम भट्टराईको नयाँ शक्तिसंगको एकता तथा अलग्याई होस, उपेन्द्र यादवले आफ्नो सर्वोच्चता कायम राख्न एकता र सम्बन्धविच्छेदको नीतिलाई कुशलतापूर्वक प्रयोग गर्दै आएका छन् । जसपानेको यस पटकको विभाजन भने विगतको भन्दा बढी जोखिमपूर्ण र गम्भीर छ । यस्तो किन भनियो भने यसपटक विभाजित हुने नेताहरु उनका निकटस्थहरु तथा जसपा नेपालको निर्माणमा सक्रिय भूमिका खेल्नेहरु मध्येका छन् ।यसभन्दाका विभाजनहरुमा यी नेताहरु हरेक पटक उपेन्द्र यादवलाई काँध थाप्दै आएका थिए। अहिले विभाजित जनता समाजवादी पार्टीको केन्द्रिय अध्यक्षको रुपमा प्रस्तावित अशोक राई र संघीय परिषदको अध्यक्षको रुपमा प्रस्तावित राजेन्द्र श्रेष्ठहरु नै थिए, जस्ले उपेन्द्र यादवको पार्टीलाई आदिवासी जनजाति क्षेत्रमा विस्तार गरेर मधेशी एजेन्डा बोकेको क्षेत्रीय पार्टीबाट वृहत्तर पहिचानहरुको देशव्यापी पार्टीको रुपमा विकसित गराउन मिहनेत गरेका थिए । यति मात्रै किन, यस पटक विदेश भ्रमणमा जाने बेला यादवले राजेन्द्र श्रेष्ठलाई नै कार्यवाहक अध्यक्ष बनाएका थिए ।तात्पर्य के हो भने यस पटकको विभाजन उपेन्द्र यादवको आधारभूतशक्ति भित्रको विभाजन हो, जस्ले यसलाई एकातिर देशभित्र समग्र अस्मिता र पहिचानको राजनीतिमा अगुआ पार्टीको रुपमा स्थापित गराउँदै लगिरहेको थियो, भने अर्कोतिर तराई मधेशको चुनावी राजनीतिमा सर्वाधिक प्रभावशाली बनाएको थियो। यसै कारण केन्द्रिय सत्ता राजनीतिमा शीर्षदलहरु संग उनको 'बार्गेनिङ्ग पावर' बढदो थियो भने मधेश प्रदेशमा त शुरुदेखि नै उनको नेतृत्वमा नै सरकार चलि रहेको छ। तराई मधेशको राजनीतिमा जनमत, राजपा लगायत कयौँ पार्टीहरु छन्, तर जुटेर भएपनि, फुटेर भएपनि उपेन्द्र यादव नेतृत्वको पार्टीले प्रदेश सरकारमा नेतृत्व बचाउँदै आएको छ । के यो स्थितिले आगामी दिनमा निरन्तरता पाउने छ ? यस प्रश्नको जवाफ अहिले नै दिनु हतार हुनेछ । यस्को प्रष्ट जवाफको निम्ति पर्खनु पर्ने नै हुन्छ। तर परिस्थितिले के देखाएको छ भने कुनै अप्रत्यासित भएन भने यस पटक उपेन्द्र यादवको निम्ति जोखिम गम्भीर छ। यस्तो किन भनियो भने यस पटक उनलाई हरेक पटक काध थाप्ने उनका मूख्य सिपहसालारहरु नै उनको विरुद्ध छन् ।

जसपाका शीर्ष नेताहरु अशोक राई, राजेन्द्र श्रेष्ठ, रेणु यादव, प्रदीप यादव, नवलकिशोर यादव लगायतले पार्टी विभाजन गरेर जनता समाजवादी पार्टी (पुरानो पार्टी जनता समाजवादी पार्टी, नेपाल भएकोले नझुक्किनु होला) नामक नयाँ पार्टी निर्माणको निम्ति निर्वाचन आयोगमा निवेदन दिन गएपछि समग्र संसदीय राजनीति तरंगित भएको छ, र सबैले आफ्नो हिसाबले सम्भावित परिस्थितिको आकलन गरिरहेका छन् । स्वयं जसपा जमात भित्र एउटा समूहले अर्को समूहलाई दोष दिने क्रम शुरु



भइसकेको छ । नयाँ 'जसपा'ले उपेन्द्र यादवको मनोमानीपूर्ण रवैया र सबै पद आफूलाई चाहियो भन्ने आरोप लगाई रहेका छन् । अर्कोतर्फ उपेन्द्र यादव पक्षका 'जसपाने' नेताहरु अध्यक्ष यादव देश बाहिररहेको अवस्थामा पार्टी विभाजन गरेर जसपा पक्षधरहरुले धोका दिएको भनिरहेका छन् । जहाँसम्म पार्टीमा बहुमतको प्रश्न छ, १२ जना सांसद मध्ये ७ जना नयाँ पार्टीमा देखिएका छन् । तर केन्द्रिय समिति प्रदेश र स्थानीय तहको पार्टीमा भने स्थिति स्पष्ट छैन । मधेश प्रदेशमा यादव पक्षधर नेताहरुको कुरा मान्ने हो भने उनिहरु बहुमतमा छन् र उनको नेतृत्वको सरकारलाई कुनै खतरा छैन । तर आगामी दिनहरुमा पनि स्थिति यस्तै रहनेछ भनेर सहजै भन्ने अवस्था छैन । नयाँ जसपा पक्षधरहरु वर्तमान सत्ता गठबन्धनका समर्थनको निरन्तरताको छन् । त्यसैले अहिले विदेश भ्रमणमा रहेका अध्यक्ष तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री यादव फर्केपछि उनको प्रतिक्रियाले नै स्थिति प्रष्ट हुने देखिन्छ । एउटा कुरा प्रष्ट के छ भने नयाँ जसपाका नेताहरुसंग उपेन्द्र यादवको सम्बन्ध कटु नै हुनेछ, भन्ने तय छ । यस्तोमा गठबन्धन सरकारलाई समर्थन गर्ने नयाँ जसपासंगको स्वाभाविक मधुर सम्बन्धले यादव र सरकारी गठबन्धनका अन्य दलहरुसंगको व्यवहारपनि प्रभावित हुने सम्भावनापनि उत्तिकै छ । हुन त यी सबै अनुमानकै विषय हुन, तरपनि सत्ता राजनीतिका सम्भावित परिस्थिति यस्तै स्थितिहरुको बीचबाट विकास हुने निश्चित छ। यसले नै गठबन्धन सरकार र संसदमा आगामी राजनीतिको दिशा तय गर्नेपनि निश्चित नै छ। केन्द्रिय राजनीतिमा विकसित स्थितिले नै मधेशप्रदेशको राजनीति र मधेश प्रदेशसभामा मूख्यमन्त्री सरोज कुमार यादवको सरकारको भविष्यपनि निश्चित गर्ने छ। उपेन्द्र यादव केन्द्रिय राजनीतिलाई आफ्नो अनुकूल पार्न सकेभने त ठिकै छ, होइन भने मधेश प्रदेशमा सरकारबारे नयाँ सम्भावनाहरु जन्मन सक्छन् । मधेश प्रदेशमा भने यस विभाजनमा कुन नेता कता हुनेछन् भन्ने हेर्नु जिज्ञासापूर्ण छ, र सम्भावित परिस्थितिपनि यसैमा निर्भर गर्छ।

नयाँ जसपापार्टीका नेताहरुको संकट के छ भने उनिहरुले पार्टी विभाजन र नयाँ पार्टीको घोषणा गरेपनि यस सम्बन्धी ऐन अहिले शून्य अवस्था छ । अर्थात पुरानो ऐन खारेज भइसकेको छ भने नयाँ बनेको छैन। यस्तोमा कुन ऐन अनुसार अशोक राई नेतृत्वको नयाँ पार्टी दर्ता गर्ने भन्नेमा निर्वाचन आयोग अन्योलमा छ । नयाँ जसपाले ऐन खारेज भएपनि नियमावली अनुसार दर्ता गर्न दावी गरेको छ। तर नियमावली भएपनि ऐन बिना कसरी दर्ता हुनसक्छ ? भन्ने गम्भीर प्रश्नले सबैलाई तताएको छ । यस्ले समग्र राजनीतिमा विविधखाले कानूनी बहसपनि सृजना गरेको छ। यस्तोमा नयाँ जसपाको दर्ता प्रक्रिया लम्बियो भने उपेन्द्र यादवले स्थिति सुधार्ने अर्थात असन्तुष्ट मध्येकालाई फकाउने प्रयत्न गर्नसक्छन्। यस्तो भयो भने अशोक राई लगायतका विरोधी नेताहरुको संकट बढन सक्छ।

दुबै पक्षका नेताहरुले एक अर्कालाई आरोपित गरिरहेका छन् र परस्पर गल्ती ठह्राई रहेका छन् । सामान्यतः यो प्रश्नपनि उठ्ने सक्छ, दोष कस्को हो ? वस्तुतः वर्तमान सत्ता राजनीतिमा जनताप्रतिको प्रतिबद्धताको कुनै अर्थ छैन् । मधेशी राजनीतिबाट उदाएका पार्टीहरु पनि एजेन्डाबाट धेरै टाढा गै सकेका छन् । यस्तोमा राजनीतिक विचार र एजेन्डाबिनाको राजनीतिमा सत्ता स्वार्थबाहेक अरु केही बाँकी रहँदैन । यस्ता पार्टीहरुमा अवसरवादिता बाहेक अरु केही बाँकी रहँदैन । जसपाने र जसपा भित्र देखिएको अहिलेको विभाजन यस्तै प्रवृत्तिको परिणाम हो। तर एउटा कुरा के छ भने यस विभाजनले सत्ता गठबन्धनभित्र र पक्ष-विपक्ष, सबैतिरको खुट्टातान र गलाकाट प्रवृत्तिलाई एक्सपोज गरिदिएको छ। एमाले र माओवादी केन्द्र जो कुर्सी बचाउन आफ्नै निकटको पार्टी विभाजन गराउन तत्पर हुनसक्छ, र नेपाली काँग्रेस जो कुर्सी कब्जा पार्न सत्ता गठबन्धनका घटकहरुलाई प्रधानमन्त्रीको पद लगायत जुनसुकै लोभ दिन सक्छ । मिडियामा आएको समाचारलाई मान्ने हो भने नेकाले एकीकृत समाजवादीको अध्यक्ष माधव नेपाल र जसपाने अध्यक्ष उपेन्द्र यादवसंग मिलेर वर्तमान गठबन्धन भत्काउने र पालै पालो सरकार चलाउने योजना प्रस्तावित गरेको रहेछ। स्वीकार्ने त कस्ले स्वीकार्ला र ! तर जसरी जसपा विभाजित भएको छ, त्यसले यस्तो सम्भावनालाई उपेक्षा गर्न सकिँदैन । हुनपनि वर्तमान संसदीय राजनीतिको जुन चरित्र छ, त्यसमा यस्तो अस्वाभाविक मानिदैन। अन्तिम कुरा, जसपाको यस विभाजनले सरकारी गठबन्धन र विपक्षलाई चुनौती त थपेको छ नै, वर्तमान राजनीतिमा अस्थिरता, अविश्वास र अनिश्चियता झन बढाएको छ।

नेपाली सिनेमाको एउटा पुरानो गीत छ : 'को कस्को हो, को कस्को हो, कस्ले भन्न सक्छ र ?' वर्तमान सत्ता राजनीतिमा यो गीत सटिक बस्छ।

# समृद्ध मुलुकका लागि जिम्मेवार पत्रकारिताको खाँचो



रेखा शर्मा

नेपालमा पहिलो समाचारमूलक पत्रिका गोरखापत्र प्रकाशन आरम्भ भएको दिनको स्मरणमा हरेक वर्षको वैशाख २४ गते राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिएको छ। यो वर्ष हामी 'सूचनामा नागरिकको पहुँच र अधिकार, जवाफदेही पत्रकारिता सुरक्षित पत्रकार' भन्ने मूल नारासहित राष्ट्रिय पत्रकारिता दिवस मनाउँदै छौँ । नेपाली पत्रकारिताको समीक्षा गर्दै आगामी बाटो अझै सहज र फराकिलो बनाउन आज महत्वपूर्ण दिन पनि हो। राष्ट्रिय पत्रकारिता दिवस मनाइरहँदा पत्रकारिताको विकास, चुनौती, स्वतन्त्रतासँगै हाम्रो दायित्वलगायतका विषयमा पनि समीक्षा हुन जरुरी छ। हरेक नागरिकले सूचनाको हक प्रयोग गर्नका लागि समेत यो महत्वपूर्ण हुन्छ।

सरकारले विसं २०७३ मा पत्रकारिता दिवस राष्ट्रिय रूपमै मनाउन मान्यता दिएपछि यो दिवस मनाउन थालिएको हो । आजभन्दा १२३ वर्ष पहिले १९५८ वैशाख २४ गते नेपालमा पहिलो समाचारमूलक पत्रिका साप्ताहिकरूपमा गोरखापत्रको प्रकाशन आरम्भ भएको थियो। सरकारी तहबाट समाचारमूलक पत्रिका प्रकाशन हुन थालेको झण्डै सवा सय वर्ष पुगे पनि निजी क्षेत्रबाट भने २००७ सालको क्रान्तिपछि मात्रै सञ्चार माध्यमहरु प्रकाशन/प्रसारण हुन थालेका हुन् । २००७ सालको क्रान्तिकै बीचबाट रेडियो प्रसारण आरम्भ गरिएको थियो भने प्रजातन्त्रको आगमनसँगै निजी क्षेत्रका पत्रपत्रिका प्रकाशन हुन थालेका हुन् ।

प्रजातन्त्रसँगै पत्रकारिता पनि फष्टाउन खोजिरहेकै बेला पञ्चायती व्यवस्थाका कारण पुनः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको जगजाहेर नै छ। पञ्चायतको कालरात्रिमा जनतालाई जागरुक बनाउन नेपाली पत्रकारिता क्षेत्रले निर्वाह गरेको ऐतिहासिक भूमिका हामी युगयुगसम्म सम्झिरहने छौँ । विभिन्न राजनीतिक आन्दोलनका बेलामा जनतामा जागरण ल्याउन पत्रकारिता क्षेत्रले एतिहासिक भूमिका निर्वाह गर्दै आएको छ।

राजनीतिक अधिकारविना प्रेस स्वतन्त्रता सम्भव नहुने र प्रेस स्वतन्त्रताबिनाको राजनीतिक अधिकार अपूर्ण हुने भएकाले राजनीति र पत्रकारिता सँगसँगै अघि बढेको हाम्रो इतिहास छ । राजनीतिक अधिकार र प्रेस स्वतन्त्रताको अधिकार सँगसँगै अघि बढ्ने भएकाले हिजोका ठूलाठूला राजनीतिक परिवर्तनका सङ्घर्षमा नेपालको पत्रकारिता क्षेत्रले परिवर्तनको महत्वपूर्ण हिस्साको रुपमा भूमिका निर्वाह गर्दै आएको हो । अब राजनीतिक तथा प्रेस स्वतन्त्रताको अधिकारलाई थप स्थापित गर्दै बदलिएको व्यवस्था अनुकूल जनताको अवस्था बदल्न राजनीति र पत्रकारिता एउटै अभियानमा अघि बढ्न आवश्यक छ।

हामी संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यावहारिक अभ्यासका क्रममा छौँ । संविधानको प्रस्तावनामै राखिएको पूर्ण प्रेस स्वतन्त्रताको व्यावहारिक कार्यान्वयनले मात्रै अब नेपाली पत्रकारहरुको अधिकार सुनिश्चित भएको मानिने छ। प्रेस स्वतन्त्रताको उपयोग गर्दा सत्य, तथ्य, विश्वसनीय र भरपर्दो सूचना पाउने नागरिकको नैसर्गिक अधिकारको सम्मान हुनु पर्दछ। प्रेस स्वतन्त्रता, लोकतन्त्र र राष्ट्रियताको संरक्षण, सामाजिक न्याय र समानताको प्रत्याभूति गर्दै शान्ति र स्थायित्वको प्रवर्द्धन तथा मानवअधिकारसम्बन्धी सरोकारलाई प्राथमिकतामा राखेर विकास र निर्माणमा सरकार अग्रसर रहेको छ। अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचना प्रवाहमा स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता र प्रचलन तथा नेपालको संविधानले प्रत्याभूत गरेको सूचना र सञ्चारसम्बन्धी मौलिक हकको कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको छ।

राजनीतिक अधिकार बिना प्रेस स्वतन्त्रता संभव नहुने र प्रेस स्वतन्त्रता बिनाको राजनीतिक अधिकार अपूर्ण हुने भएकाले राजनीति र पत्रकारिता सँगसँगै अघि बढेको हाम्रो इतिहास छ । राजनीतिक अधिकार र प्रेस स्वतन्त्रताको अधिकार सँगसँगै अघि बढ्ने भएकाले हिजोका ठूलाठूला राजनीतिक परिवर्तनका संघर्षमा नेपालको पत्रकारिता क्षेत्रले परिवर्तनको महत्वपूर्ण हिस्साको रुपमा भूमिका निर्वाह गर्दै आएको हो। अब पनि राजनीतिक तथा प्रेस स्वतन्त्रताको अधिकारलाई थप स्थापित गर्दै बदलिएको व्यवस्था अनुकूल जनताको अवस्था बदल्न राजनीति र पत्रकारिता एउटै मिसनमा अघि बढ्न आवश्यक छ।

> छापा माध्यमबाट सुरु भएको पत्रकारिताको विकासक्रम आज डिजिटल मिडियासम्म पुगेको छ । सूचना तथा सञ्चार प्रविधिको तीब्रतम विकासका कारण पत्रकारिता क्षेत्रमा सिर्जित अवसरबाट लाभ लिंने र चुनौतीको सामाना गर्न सक्षम भएर मात्रै आजको दिनमा पत्रकारिताको विकास गर्न सकिने छ । पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गर्दै पत्रकारको हकहित र आमसञ्चारका माध्यमहरुको सबलीकरणका लागि सम्बन्धित सबै क्षेत्रबाट आउने राय सुझावका आधारमा अघि बढ्न सरकार प्रतिबद्ध छ ।

प्रेस स्वतन्त्रतालाई थप सुनिश्चित गर्ने गरी एक वर्षदेखि सञ्चारसँग सम्बिन्धित कानुन निर्माण तथा पुनरावलोकनको काम भइरहेको छ । सञ्चार सम्बद्ध संस्था तथा यस क्षेत्रका विज्ञहरुको प्रत्यक्ष संलग्नता र राय सुझावका आधारमा कानुनको मस्यौदा गर्ने, त्यसमाथि सरोकारवाला र आम नागरिकको रायसुझाव समेत लिएर पारदर्शी र लोकतान्त्रिक विधिबाट कानुन निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकता दिएको छ। यसअनुसार आमसञ्चार क्षेत्रको स्वनियमन प्रवर्द्धनमा केन्द्रित रहेर तयार गरिएको मिडिया काउन्सिल विधेयक भर्खरै सङ्घीय संसदमा दर्ता भएको छ भने आम सञ्चार विधेयक चाँडै मन्त्रिपरिषद्मा पेश हुने प्रक्रियामा छ । त्यस्तै सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी विधेयक पनि चाँडै मन्त्रिपरिषदमा पेश हुने तयारीमा छ । छाता कानुनको रुपमा आमसञ्चार ऐन बनाएर सङ्घीयताको मर्मअनुसार नेपाली सञ्चार क्षेत्रलाई प्रवर्द्धन र व्यवस्थापन गर्ने सरकारको उद्देश्य रहेको छ।

यही ऐनअन्तर्गत बन्ने आमसञ्चार प्रतिष्ठानमार्फत मिडियाको प्रवर्द्धन र व्यवस्थापन, श्रमजीवी पत्रकारको पेशागत अधिकारको संरक्षण र लोककल्याणकारी कोष सञ्चालन लगायतका काम एउटै निकायबाट अघि बढाउने सरकारको सोंच रहेको छ । सरकारी स्वामित्वका सञ्चार माध्यमलाई थप स्वायत्त र प्रभावकारी बनाउने उद्देश्यले अघि बढाइएको सार्वजनिक मिडियासम्बन्धी विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको छ।


पत्रकारिताको बढदो विकाससँगै चुनौती पनि थपीदै गएका छन् । परम्परागत र नयाँ विद्युतीय आमसञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म आधारहीन सामग्री सम्प्रेषण हुन नदिन सजग हुनुपर्छ । गलत र भ्रमपूर्ण सूचना सम्प्रेषणका कारण आज सम्पूर्ण क्षेत्र जस्तै पत्रकारिता क्षेत्र पनि आक्रान्त छ। सत्य तथ्य जान्न पाउनु नागरिकको अधिकार हो। त्यसैले हामीले यो वर्षको पत्रकारिताको नारामै सूचनामा नागरिकको पहुँच र अधिकार स्थापित गर्नुपर्नेमा जोड दिएका छौँ। नागरिकले सही सूचना प्राप्त गर्न जवाफदेही पत्रकारिता चाहिन्छ र त्यसले मात्र पत्रकारलाई भौतिक र पेसागतरुपमा सुरक्षित बनाउन सक्छ।

मिडियाको सवलीकरण र श्रमजीवी पत्रकारको हित प्रवर्द्धनलाई सँगसँगै अघि बढाउनका लागि सरकारले निरन्तर काम गरिरहेको छ । मिडियाको सवलीकरणमै सहयोग पुगोस् भनेर गत वर्ष मात्रै विज्ञापन नियमावली संशोधन गरिएको छ भने समग्र विज्ञापन क्षेत्रमा नै सुधार ल्याउने गरी विज्ञापन नीति तर्जुमाको काम पनि भइरहेको छ। विगत छ वर्षदेखि बढ्न नसकेको श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धिको प्रस्ताव मन्त्रिपरिषद्को समितिमा छलफलका क्रममा रहेको छ । छलफलका क्रममा रहेका तथा सरकारले अघि बढाएका प्रस्तावित कानुन र निर्णयहरुले पूर्णता पाउँदा नेपालको आमसञ्चार क्षेत्रमा पुनःसंरचना हुने र नेपाली पत्रकारिता क्षेत्रले परिवर्तनको अनुभूति गर्नसक्ने छ भन्ने सरकारको विश्वास रहेको छ।

छापा माध्यमबाट सुरु भएको पत्रकारिताको विकासक्रम आज डिजिटल मिडियासम्म पुगेको छ । सूचना तथा सञ्चार प्रविधिको तीब्रतम विकासका कारण पत्रकारिता क्षेत्रमा सिर्जित अवसरबाट लाभ लिंने र चुनौतीको सामाना गर्न सक्षम भएर मात्रै आजको दिनमा पत्रकारिताको विकास गर्न सकिने छ । पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गर्दै पत्रकारको हकहित र आमसञ्चारका माध्यमहरुको सबलीकरणका लागि सम्बन्धित सबै क्षेत्रबाट आउने राय सुझावका आधारमा अघि बढ्न सरकार प्रतिबद्ध छ।

अन्त्यमा, सामाजिक उत्तरदायित्व बहन गर्दै संविधानप्रदत्त हकअधिकार उपयोग गर्न राष्ट्रिय पत्रकारिता दिवसले थप प्रेरणा प्रदान गर्ने विश्वास लिन सकिन्छ । राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा पत्रकारिता क्षेत्रलगायत सबैमा शुभकामना छ। नवौँ राष्ट्रिय पत्रकारिता दिवस मनाइरहँदा पत्रकारिताका माध्यमबाट समाज रुपान्तरणको अभियानमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुभएका सहिदहरुको योगदानलाई स्मरण गर्र्नै पर्दछ। पत्रकारिता क्षेत्रमा रहेर समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरी वरिष्ठ पत्रकारहरुको योगदान पनि स्तुतियोग्य छ । लोकतान्त्रिक राज्य व्यवस्था कायम गर्न/गराउन पत्रकारिता क्षेत्रले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै उहाँले आगामी दिनमा पनि सूचना प्रवाहमा निष्पक्ष, सन्तुलित, व्यावसायिक, जिम्मेवार र उत्तरदायी भई भूमिका निर्वाह गर्न पत्रकार तथा आमसञ्चार जगत्ले अझ महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्ने नै छ। सत्य, निष्पक्ष एवं विश्वसनीय पत्रकारिताबाटै नै मुलुकलाई समृद्धिको बाटोमा हिँड्न बल पुग्दछ।

# वामपन्थी र कम्युनिष्टलाई एमालेमा समाहित हुन ओलीको



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सबै वामपन्थी पार्टीहरुका बीचमा एकताको आवश्यकता रहेकोले बामपन्थी र कम्युनिष्टलाई एमालेमा समाहित हुन आह्वान गरेका छन् । ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा सोमबार आयोजित 'वरिष्ठ राजनीतिज्ञ सिद्धिनाथ ज्ञवाली स्मृति ग्रन्थ'को विमोचन गर्दै उनले सबै वामपन्थी र कम्युनिष्टलाई एमालेमा समाहित हुन आह्वान गरेका हुन् । उनले वामपन्थी र कम्युनिष्टहरुका लागि एमाले पार्टीनै सहि धारमा रहेकोले एकजुट भइ समाहित हुन आग्रह गरेका छन् ।

उनले आफ्नो पार्टी एमाले एकता स्वार्थका लागि नभई सफलताका लागि एकता अभियान सञ्चालन गर्ने बताउदै मुलुकको राष्ट्रिय शक्तिको रुपमा रहेको एमालेलाई निर्णायक तहमा विकास गर्न आफूले चाहेको बताए । अध्यक्ष ओलीले एमालेको वैचारिक रुपमा स्पष्टता, साङ्गठनिक रुपमा एकता, कुनै भावना बेगर नभई सही विश्लेषण र नीतिकै आधारमा पार्टी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे । "पार्टीमा गल्ती हुन सक्छन् र ती गल्तीलाई सच्चाइनुपर्दछ । आत्मकेन्द्रित होइन । देश र जनता केन्द्रित भएर हामी चल्न सिक्नुपर्दछ", उनले भने । अध्यक्ष ओलीले उपनिर्वाचनको परिमाण मिसन-२०८४ को सफलताको सुरुआत रहेको बताए । "हाम्रो पक्षमा उपनिर्वाचनको नतिजा आयो । यो हाम्रो मिसन-८४ तर्फको सफलताको सुरुआत हो । मिसन-८४ लाई हामी सफल पारेर छाड्छौं । यस अभियानमा सही ढङ्गले समाहित हुन साथीहरुलाई आग्रह गर्न चाहन्छु", उनले भने ।

उनले सिद्धिलाल ज्ञवाली देश, जनता, पार्टी र आन्दोलनप्रति निष्ठा भएको राजनीतिज्ञ र परिवर्तन साकार पार्नका लागि साच्चै समर्पित भएर रात दिन काम गर्ने व्यक्ति रहेको बताए । "उहाँसँग मेरो धनिष्ट सम्बन्ध रहेको थियो । २०५४ सालतिर अन्तिमतिर पार्टी अलि ठीक ढङ्गले नचल्ने, समस्या पैदा हुने र हेर्दाहेर्दै अनावश्यक ढङ्गले पार्टी विभाजन हुने काम भयो", उनले भने, "त्यसपछि हाम्रो सम्बन्ध पातलियो र एकअर्कामा स्नेह र सद्भाव कहिल्यै हटेन ।"

कार्यक्रममा नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष वामदेव गौतमले एमालेमा प्रवेश गर्न आफू तयार रहेको जानकारी दिएका थिए । उनले पार्टीले दिएको जिम्मेवार अहिले पनि आफूले पूरा गर्न सक्ने जनाउँदै भने, "मेरो कमजोरी के ? गल्ती, कमजोरी देखिएका भएका छन् ।

आत्म आलोचना गरेर पुनः पार्टीमा आएको छु । मान्छेबाट गल्ती, कमजोरी हुन्छन् । आत्म आलोचना गर्न ठूलो कुरा हो ।" उहाँले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पार्टी नफुटाएको स्पष्ट पारेका थिए ।

# पारदर्शी रूपमा करको दायरा हेरफेर गर्ने अर्थमन्त्रीको प्रतिवद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री वर्षामान पुनले सरोकारवालाको सुझावका अधारमा करको दायरा हेरफेर गर्ने प्रतिवद्धता जनाएका छन् ।

लोकान्तरकोवार्षिकोत्सवका अवसरमा सोमबार आयोजित आर्थिक बहस कार्यक्रममा मन्त्री पुनले सरकारले राजस्व परामर्श समितिको सिफारिस र सरोकारवालाको सुझावका आधारमा पारदर्शी रूपमा करको दायरा हेरफेर गर्ने प्रतिबद्धता व्यक्त



गरेका हुन् ।

उनले विदेश जानेको संख्या घटेको र गएकालाई फर्काउन पखवयास भइरहेको बताए । विदेश गएकाबाट ज्ञान, सीप र पुँजी हस्तान्तरणको प्रक्रिया जारी रहेको बताउदै उनले सूचना प्रविधिका क्षेत्रमा यस्को राम्रो उदाहरण देखिएको उल्लेख गरेका थिए ।

उनले आगामी बजेटमा जनतामा आशा जगाउने र युवालाई प्रोत्साहन हुने कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरे । बहसमा नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल, नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजाल, गभर्नर महाप्रसाद अधिकारी, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाललगायत सहभागी थिए ।

# सभापतिविहीन छन् बाग्मती प्रदेशसभाका विषयगत समितिहरु




**टुडे समाचारदाता**

बाग्मती । बाग्मती प्रदेशसभामा लामो समयदेखि विषयगत समितिहरु नेतृत्वविहीन भएपछि समितिहरुको कामकाज प्रभावित वन्दै आएको छ । प्रदेशसभा अन्तर्गतको पाँचवटै विषयगत समिति लामो समयदेखिसभापति चयन हुन सकेको छैन भने सभापतिनै चयन हुन नसकेपछि महत्व मानिएको ती समितिहरुको कामकाज प्रभावित हुँदै आएको हो ।

बाग्मती प्रदेशसभाअन्तर्गत प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छ। ती सबै समितिमा सभापति चयन हुन सकेको छैन। समितिमा सभापति चयन हुँदा कामकाज गर्न समस्या भएको कर्मचारी बताउनुहुन्छ । गत शुक्रबार बसेको बाग्मती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुको सर्वदलीय बैठकले प्रदेशसभाअन्तर्गतको पाँचवटै समितिका सभापति चयन प्रक्रियालाई अघि बढाउने निर्णय गरेको थियो ।

बैठकले आगामी जेठ ४ गतेसम्ममा समितिको सभापतिहरु चयन गरिसक्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरेको सभामुख भुवनकुमार पाठकले बताए । सोही बैठकले प्रदेशसभाको बजेट अधिवेशनका लागि वैशाख ३१ गते बैठक आह्वान गर्न प्रदेश सरकारसमक्ष प्रस्ताव पेस गर्ने निर्णय गरेको सभामुख पाठकको भनाइ छ । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले यही वैशाख १२ गते राति १२ बजेपछि प्रदेशसभाको तेह्रौं अधिवेशन अन्त्य गरेका थिए । बाग्मती प्रदेशसभामा एक सय १० जना प्रदेशसभा सदस्य छन् ।

# सरकारको पहल सकारात्मक रहेको पूर्वअर्थमन्त्री पौडेलको भनाइ


**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले मुलुकको आर्थिक समृद्धिका लागि सकारात्मक काम गरेको दावी गरेका छन् ।

'लोकान्तर डटकम' को आठौं वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित आर्थिक बहसमा पूर्वउपप्रधानमन्त्री पौडेलले राजनीतिक स्थिरता नभएसम्म मुलुकको आर्थिक उन्नति नहुने भएकाले एमालेले नयाँ सत्ता समीकरण बनाएको स्पष्ट पारे ।

"यो सरकार राजनीतिक स्थिरताको दिशातर्फ उन्मुख छ तर यसलाई भत्काउने कोसिस नभएका होइनन्, हामी स्थिरताका पक्षमा छौं," उनले भने, "सरकारले आर्थिक विकास, लगानीमैत्री वातावरण, रोजगारी वृद्धि र उत्पादनमूलक क्षेत्रमा सकारात्मक काम गरिरहेको छ र यो निरन्तर हुनुपर्छ ।"

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री डा मीनेन्द्र रिजालले राजनीतिक स्वार्थका लागि सत्ता परिवर्तन हुनु आर्थिक विकासका लागि दुःखद भएको बताए । सरकारले सत्ता स्वार्थमा



भन्दा आर्थिक समृद्धिका कार्यसूचीमा प्राथमिकता दिनुपर्ने उनले जोड दिए ।

"सरकारले लगानीमैत्री वातावरण छ भनेर मुखले भनेर हुँदैन, काम गरेर देखाउन सक्नुपर्छ," डा रिजालले भने, "सरकारले सत्ता स्वार्थ त्यागेर आर्थिक विकासमा ध्यान दिनुपर्छ ।

# युद्धग्रस्त क्षेत्रमा उद्धार एवं फिर्ताका लागि सरकारले काम गर्दैः परराष्ट्रमन्त्री

**काठमाण्डु** । उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्रेष्ठले युद्धग्रस्त देशमा रहेका नेपालीको उद्धार एवं फिर्ताका लागि सरकारले कुनै कसुर नछाडेको बताउनुभएको छ ।

रुसको सेनामा कार्यरत नेपालीको संख्या, उनीहरुको अवस्थाबारे जानकारी, मृतकको शव फिर्ता, मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र उहाँले नेपाल सरकारले रूसी सेनामा भएका सम्झौता खारेज गरेर फिर्ता पठाइदिनपर्ने जस्ता विषयमा रुसी सरकारसँग वार्ता भइरहको उहाँले जानकारी दिनुभयो ।

सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सोमबारको बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले रुसी सेनामा नेपाली आबद्ध भएको, कतिपय घाइते भएको, बिच्चलीमा परेको, युक्रेनी सेनाको कब्जामा रहेका र मृत्यु भएकाहरुको अवस्थाबारे सरकार जानकार रहेको भन्दै उनीहरुको उद्धार र स्वदेश फिर्ताका लागि सरकार सम्पूर्ण कूटनीतिक प्रयत्न गरिरहेको उल्लेख गर्नुभयो ।

"क्षतिपूर्तिका सम्बन्धमा सहमति जनाएर रुस सरकारले अहिले त्यसको प्रक्रिया अघि बढाएको छ । हामीले त्यसका लागि आवश्यक कागजात अघि बढाइसकेका छौं", उहाँले भन्नुभयो, "रुसी सेनामा भर्ती भएका नेपालीसँगको सम्झौता रुसी सेनासँग छ, त्यो खारेज गर्नुपर्‍यो र नेपाल फर्काउनुपर्‍यो भन्ने माग राखेका छौं । उक्त सम्झौता रद्द गरेर फिर्ता पठाउन सैद्धान्तिक सहमति ठोस रूपमा अगाडि बढने तयारी भइरहेको छ ।"

आफू रुसको विदेश मन्त्रीसँग निरन्तर वार्तामा रहेको र रुसको रक्षामन्त्रालयसँग पनि प्रत्यक्ष वार्ता गर्ने प्रयासरत रहेको उहाँको भनाइ छ । "युक्रेनको कब्जामा रहेकाहरुको फिर्ता पनि माग गरेका छौं ।

यसका लागि रुसको विदेशीमन्त्रीसँगै रक्षामन्त्रालयसँग पनि कुरा भइरहेको छ", उहाँले भन्नुभयो । उहाँले युद्धग्रस्त स्थानबाट आफ्ना नागरिक फिर्ताका लागि हरसम्भव प्रयत्न जारी राखेको उल्लेख गर्नुभयो । "आवश्यकता पर्‍यो भने हामी आफै पनि रुस गएर वार्ता गर्नेसम्मको प्रस्ताव राखेका छौं", परराष्ट्रमन्त्री श्रेष्ठले भन्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले विपिन जोशी हमासकै कब्जामा भएको सूचना भएपनि आधिकारिक रुपमा जोशीको अवस्थाबारे जानकारी प्राप्त नभएको जानकारी समेत गराउनुभयो । युद्धग्रस्त देशहरुबीच शान्तिका लागि मध्यस्थता गरिरहेका देशसँग जोशीको रिहाइको लागि अनुरोध गरिरहेको उहाँको भनाइ थियो । "इजरायल र हमासबीचको युद्धमा विपिन जोशी हमासको कब्जामा रहेको नै हाम्रो अहिलेसम्मको धारणा हो । तर जोशीबारे औपचारिक र आधिकारीक अवस्थाबारे जानकारी प्राप्त भएको छैन र रिहाई गर्न सकेको अवस्था छैन", उहाँले भन्नुभयो । बैठकमा समितिका सदस्यहरुले नेपाल र भारत सीमा समस्या, ईपिजीबारे राखेको जिज्ञासाको जवाफ दिने क्रममा उपप्रधानमन्त्री एवं रक्षामन्त्री श्रेष्ठले सुस्ता र कालापानी सीमा विवाद औपचारिक छलफलको अवस्थामा नै रहेको जानकारी गराउनुभयो ।

> "आर्थिक कूटनीतिमा चीनसँगाको सम्बन्ध अगाडि बढेको छ, चीनसँग सम्बन्धको आधार बलियो बनेको बनेको छू, उहाँले भन्नुभयो । बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले कूटनीतिक आचारसंहिता पालनामा सरकारी, सार्वजनिक निकाय, नेतृत्व र राजनीतिक दललाई अनुरोध गरिएको बताउनुभयो

नेपाल-भारत सम्बन्धका सबै आयामबारेमा कूटनीतिक छलफलबाटै टुङ्ग्याउनुपर्ने उहाँको भनाइ थियो ।

त्यसअवसरमा उपप्रधानमन्त्री श्रेष्ठले नेपाल र चीनबीचका १४ वटा व्यापारिक नाका खोल्ने गृहकार्य भइरहेको तथा आर्थिक करिडोर बनाउन छलफल भइरहेको जानकारी दिनुभयो ।

"आर्थिक कूटनीतिमा चीनसँगको सम्बन्ध अगाडि बढेको छ, चीनसँग सम्बन्धको आधार बलियो बनेको बनेको छ", उहाँले भन्नुभयो ।

बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले कूटनीतिक आचारसंहिता पालनामा सरकारी, सार्वजनिक निकाय, नेतृत्व र राजनीतिक दललाई अनुरोध गरिएको बताउनुभयो । उहाँले परराष्ट्र मन्त्रालयको संस्थागत क्षमता अभिवृद्धि जरूरी रहेको समेत बैठकमा जानकारी गराउनुभयो । नेपालको परराष्ट्र नीति, मन्त्रालय र मातहतका निकायबाट भएका कामकारबाही, आर्थिक कूटनीति र समस्या एवं भावी कार्ययोजना विषयक उक्त बैठकमा मन्त्री श्रेष्ठले आर्थिक कूटनीतिमा जोड दिनेगरी छुट्टै महाशाखा बनाउन लागिएका पनि बताउनुभयो ।

प्रदेश र पालिकाले आफै परराष्ट्र सम्बन्ध राख्न नमिल्दैन भन्दै उहाँले प्रदेश सरकारमा परराष्ट्रको प्रतिनिधित्व भइरहेको बताउनुभयो । मन्त्रालयले अहिलेसम्म एक सय ८२ मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको छ ।

हाल विभिन्न देशमा नेपालका ३० वटा राजदूतवास, संयुक्त राज्य अमेरिकाको न्यूर्योक, अष्ट्रियाको भियना र स्वीजरल्याण्डको जेनेभामा स्थायी नियोग र सात वटा महावाणिज्यूतावास छन् ।रासस


## पर्सा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने मिति संच्याइएको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०१/२५**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाबाट तपिसलका योजना निर्माणको आर्थिक प्रस्ताव खोल्ने मिति २०८१/०१/२६ गते दिनको १२ बजे हुनुपर्नेमा प्राविधिक कारणले जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०१/१९ गते प्रकाशित सुचनामा मिति २०८१/०१/२५ गते दिनको १२ बजे हुन गएकेमा सो मिति संच्याइएको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | आयोजनाको विवरण | प्राविधिक परिक्षणमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| १ | PRM/NCB/WORKS/02-2080/081 | Construction of School Building at Parsa Adharbhut School | 1. Achary Nirman Company Pvt.Ltd.<br>2. Tirupati Balaji/Santosh & Abhisekh JV.<br>3. Jay Bhawani Nirman Sewa | **मितिः**- २०८१/०१/२६<br>**समयः**- १२:०० बजे<br>**स्थानः**- पर्सा गाउँ कार्यपालिकाको कार्यालय, पर्सा सर्लाही |
| २ | PRM/NCB/WORKS/03-2080/081 | Construction of Bakulwa Drain at Parsa 1 & 2 | 1. Achary Nirman Company Pvt.Ltd.<br>2. Tirupati Balaji/Santosh & Abhisekh JV.<br>3. Jay Bhawani Nirman Sewa<br>4. Chaudhary–Pawan JV. | |

**प्रमुख प्रशासकीय अधिकृत**

## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशन मिति :- २०८१/०१/२५**

यस कार्यालयको मिति २०८०/११/२३ को जनकपुर टुडे पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तथा www.bolpatra.gov.np/egp को तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएको बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ डं.को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समय आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि आज मिति २०८१/०१/२५ मा प्रकाशित गरिएको छ ।

**तपशिल**

| S. N. | Contract No. | Description of Works | Name of Successful Bidders | Opening Date Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/LM/2080/081-03 | Construction of Ratu Khola Bridge (Pipradhi-Bhamarpura Read, Loharpatti Municipality-9) | Sindhuli-Vishal-Mansani Joint Venture<br>Aashrika-Beltar J.V<br>Keurini-Everest & Sons-Jaleshwornath JV<br>DWIVEDI/D.K BUILDERS/R. /R.P.A JV<br>SD/PNS J/V<br>suru builders | **Date:** 2081/02/01 BS<br>**Time:** 1:00 pm<br>**Venue:** Office of Municipal Executive, Loharpatti Municipality | |

**प्रमुख प्रशासकिय अधिकृत**

# युक्रेन नजिकै सेनासँग आणविक अभ्यास गर्न पुटिनको आदेश

**एएफपी**

मस्को ।रुसको बेलगोरोड सीमा क्षेत्रमा युक्रेनी ड्रोन आक्रमणमा छ जनाको मृत्यु र ३० भन्दा धेरै घाइते भएपछि राष्ट्रपति भ्लादिमिर पुटिनले सोमबार पश्चिमी 'धम्कीहरू' को सामना गर्दै नयाँ आणविक हतियार अभ्यासको आदेश दिनुभएको छ । उक्त अभ्यास ' निकट भविष्य' मा गरिने र यसमा वायुसेना, नौसेना र युक्रेन नजिकै तैनाथ सेना संलग्न हुने रुसको रक्षा मन्त्रालयले बताएको छ।



फेब्रुअरीमा पुटिनले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनमा आणविक युद्धको 'वास्तविक' जोखिम रहेको चेतावनी दिएर आफ्नो आणविक बयानबाजीलाई बढाउनुभएको थियो । यसैबीच उक्त अभ्यास युक्रेनमा सेना पठाएकामा पश्चिमी मुलुकहरूको टिप्पणीको जवाफ भएको क्रेमलिनले बताएको छ । रक्षा मन्त्रालयले अभ्यासको उद्देश्य 'केही पश्चिमी अधिकारीहरूको धम्कीहरू' को सामना गर्दै रुसी क्षेत्रीय अखण्डता सुनिश्चित गर्नु रहेको बताएको छ।

"अभ्यासका क्रममा गैर-रणनीतिक आणविक हतियारको तयारी र प्रयोगको अभ्यास गर्न धेरै उपाय गरिनेछ", मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। रणनीतिक आणविक हतियार पनि भनिने गैर-रणनीतिक आणविक हतियार युद्धमैदानमा प्रयोगका लागि डिजाइन गरिएको छ र मिसाइलमार्फत डेलिभर गर्न सकिन्छ। युक्रेनसँग जोडिएको र रुसले कब्जा गरेको युक्रेनी क्षेत्र समेटेको दक्षिणी सैन्य जिल्लाका सेनाले अभ्यासमा भाग लिने मन्त्रालयले उल्लेख गरेको छ।

क्रेमलिनको आणविक बयानबाजीबाट पश्चिमी अधिकारी अत्यधिक चिन्तित भएका छन् । युक्रेनको सीमावर्ती बेलगोरोड क्षेत्रमा अधिकारीहरूले पछिल्ला केही सातामा सबैभन्दा घातक आक्रमणको सूचना दिएपछि यस्तो घोषणा भएको हो। किएभले रुसी आक्रमणका कारण लाखौं मानिसलाई विद्युत्विहीन बनाएको बताएको छ । बेलगोरोडका गभर्नर व्याचेस्लाभ ग्लाडकोभले यस क्षेत्रमा गुडिरहेका दुई भ्यान र यात्रुवाहक कार 'आत्मघाती युक्रेनी ड्रोन आक्रमण' मा परेको बताउनुभयो। "दुर्भाग्यवश विस्फोटका कारण छ जनाको घटनास्थलमै मृत्यु भयो", उहाँले भन्नुभयो।

उहाँले युक्रेनी सीमाबाट करिब ३० किलोमिटर टाढा बेरोज्योभ्का गाउँ नजिकै भएको आक्रमणमा अन्य ३५ जना घाइते भएको जानकारी दिनुभयो।

स्थानीय अधिकारीहरूले ती सवारी मासु उत्पादन केन्द्रको भएको बताएका छन्।ग्लाडकोभले घाइतेमध्ये दुई जना बालबालिका रहेको र 'गम्भीर' एकजनाको शल्यक्रिया भइरहेको बताउनुभयो। बेलगोरोडमा घातक युक्रेनी ड्रोन र मिसाइल आक्रमणको संख्या बढिरहेको छ । मस्कोले पूर्वी युक्रेनमा लगातार बढत हासिल गरिरहेको छ र उसले युक्रेनी सीमा क्षेत्रमा हवाई आक्रमण र गोलाबारी बढाएको छ।

> राष्ट्रपति पुटिनले आदेश दिनुभएको अभ्यासहरूले "निकट भविष्यमा" अनिर्दिष्ट पश्चिमी "धम्की" को सामना गर्ने रक्षा मन्त्रालयले पहिला नै घोषणा गरेको थियो ।

**आणविक अभ्यास युक्रेनमा सेना पठाउनेबारे पश्चिमी टिप्पणीहरूको जवाफ- क्रेमलिन**

यसैबीच क्रेमलिनले रुसको आगामी आणविक अभ्यास युक्रेनमा नाटो सेना पठाउनेबारे फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोनसहितका 'अभूतपूर्व' टिप्पणीहरूको प्रतिक्रियाका रूपमा रहेको बताएको छ । राष्ट्रपति पुटिनले आदेश दिनुभएको अभ्यासहरूले 'निकट भविष्यमा' अनिर्दिष्ट पश्चिमी 'धम्की' को सामना गर्ने रक्षा मन्त्रालयले पहिला नै घोषणा गरेको थियो।

"हामी श्री म्याक्रोन र बेलायती प्रतिनिधिहरूको बयानहरूका बारेमा कुरा गरिरहेका छौं भन्ने स्पष्ट छ", अभ्यास के कारणले उत्प्रेरित थियो भन्ने प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भन्नुभयो, "उनीहरूले युक्रेनमा सशस्त्र दल पठाउने तयारी र मनसायबारे कुरा गरिरहेका छन्, त्यो वास्तवमा नाटो सेनालाई रुसी सेनाअघि राख्नु हो, यो बढ्दो तनावको पूर्णरूपमा नयाँ चरण हो, यो अभूतपूर्व छ र यसका लागि विशेष उपायको आवश्यकता छ।"म्याक्रोनले गत साता एक अन्तरवार्तामा रुसले युक्रेनको अग्रिम पङ्क्ति तोड्यो भने युक्रेनमा सेना पठाउने सवाल 'वैधानिकरूपमा' उठ्ने र किएभले यस्तो अनुरोध गरेको बताउनुभएको थियो।

पुटिनलाई उल्लेख गर्दै उहाँले भन्नुभयो, "मैले कुनै पनि कुरालाई अस्वीकार गरिरहेको छैन किनकी हामीले यस्तो व्यक्तिको सामना गरिरहेका छौं जसले कुनै पनि कुरालाई अस्वीकार गर्दैन।" म्याक्रोनले फेब्रुअरीमा पनि यस्तै प्रकारको टिप्पणी गरिसक्नुभएको छ।

बेलायतका विदेशमन्त्री डेभिड क्यामरुनले गत साता एक अन्तरवार्तामा युक्रेनसँग रुसभित्रका लक्ष्यमा आक्रमण गर्ने 'अधिकार' रहेको बताउनुभएको थियो।

युक्रेनी सेना रुससँग लड्नका लागि पश्चिमी सैन्य सहायतामा निर्भर छ तर नाटोले युक्रेनमा सेना नपठाउने बताएको छ।

# सहारा क्लबलाई वर्ष उत्कृष्ट खेल संघ अवार्ड




**कास्की** । फुटबल एकेडेमी र प्रतियोगिता सञ्चालन गरी फुटबल खेल विकासमा क्रियाशील पोखराको सहारा क्लबलाई यस वर्षको उत्कृष्ट खेलकुद सङ्घको अवार्ड प्रदान गरिने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले यही वैशाख २८ गते पोखरा सभागृहमा आयोजना गरेको आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड-२०८०'मा सहारालाई सो अवार्ड प्रदान गर्ने निर्णय गरिएको मञ्चले जनाएको छ।छैटौं सस्करणसम्म यस विधाअन्तर्गतको अवार्ड खेलसम्बन्धी सङ्घलाई मात्र प्रदान गरिँदै आएकामा सातौं संस्करणदेखि खेल सङ्घ वा क्लबमध्येबाट उत्कृष्ट छान्ने व्यवस्था गरिएको थियो । यो अवार्ड पाउने सहारा पहिलो क्लब बन्न सफल भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिनुभयो।

विसं २०५५ भदौमा 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवामा सेवा गरौं' भन्ने नाराका साथ स्थापित क्लब स्वदेशसँगै विदेशसम्म फैलिएको छ । स्थापनादेखि उक्त क्लबले निरन्तर खेलकुद र सामाजिक कार्यमा क्रियाशील रहँदै आएको छ। विसं २०५६ मा पृथ्वीचोकमा सार्वजनिक शौचालय निर्माण गरेर सामाजिक कार्यको सुरुआत गरेको क्लबले विसं २०५७ मा 'सहारा कप' क्लब स्तरीय 'लिग कम नकआउट फुटबल' प्रतियोगिता सञ्चालन गरेको थियो।

विसं २०५८ मा 'क्याराभान गोल्डकप फुटबल' प्रतियोगिता आयोजना गरेको क्लबले त्यसपछि प्रत्येक वर्ष राष्ट्रिय तथा अन्तर ाष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा गोल्डकप फुटबल प्रतियोगिता आयोजना गरिरहेको छ । हालसम्म २३औं संस्करण सम्पन्न भइसकेको छ । पोखरा तथा यस आसपासमा फुटबल खेलतर्फको रौनकता बढाउन यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । असहज समयमा समेत यस प्रतियोतालाई निरन्तरता दिएकाले क्लबले फुटबल खेलको क्षेत्रमा अब्बल क्लबको रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ।

सहाराले विसं २०६९ देखि सहारा फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ । एकेडेमीमार्फत क्लबले अनाथ तथा असाहय बालबालिकालाई पालनपोषणका साथमा फुटबल समेत सिकाउँदै आइरहेको छ । अवार्ड कार्यक्रममा वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबसँगै, वर्ष उत्कृष्ट प्रशिक्षक, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीनानाथ बरालले जानकारी दिनुभयो।

यसैगरी मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी इलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ । साथै अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही रु ३५/३५ हजार प्रदान गरिने मञ्चले जनाएको छ ।रासस

# इजराइलद्वारा पूर्वी रफाहका बासिन्दालाई तत्काल खाली गर्न सूचना जारी

**एएनआई**

तेल अभिव ।देशका रक्षामन्त्रीको तीव्र कारबाहीको चेतावनीपछि इजराइली सेनाले पूर्वी रफाहका बासिन्दाहरूलाई तत्काल खाली गर्न सूचना जारी गरेको सिएनएनले जनाएको छ।

आइडिएफ प्रवक्ता एकाइको अरब मिडिया डिभिजनका प्रमुख अविचाय अद्राईले बासिन्दाहरूलाई उनीहरूको सुरक्षाका लागि तोकिएको मानवीय क्षेत्रहरूमा 'तुरुन्त खाली' गर्न आग्रह गर्नुभयो । सूचनाले विशेषगरी अल-शौका नगरपालिका र रफाह क्षेत्रका अल-सलाम, अल-जिनेना, टिबा जारा र अल-बायुकका छिमेकमा बस्ने व्यक्तिहरूलाई लक्षित गर्दछ।



गाजामा चलिरहेको बमबारीका बीच यो घोषणा आएको हो । अक्टोबर ७ देखि गाजा क्षेत्रममा उल्लेखनीय विनाश भएको छ । पहिला नै धेरै पटक विस्थापित भइसकेका रफाहका धेरै बासिन्दाहरूले द्वन्द्वका बीचमा थप विस्थापनको सम्भावनाको सामना गरिरहेको सिएनएनले रिपोर्ट गरेको छ।

मानवीय एजेन्सीहरूले राफाहको पूर्णस्तरको भूमि आक्रमणविरूद्ध चेतावनी दिएका छन् । उनीहरूले सहर र वरपरका १२ लाख विस्थापित प्यालेस्टिनीको पीडा र हताहतको पनि चेतावनी दिएका छन्।

पहिलेदेखि नै गम्भीर अनिकालको सामना गरिरहेको उत्तरी गाजा महिनौंको द्वन्द्वले विचलित भएको विश्व खाद्य कार्यक्रमले स्पष्ट पारेको छ।

आइडीएफका अन्तर्राष्ट्रिय प्रवक्ता कोलोनेल नदाव सोसानीले निकासीलाई व्यापक निकासीको सट्टा अस्थायी स्थानान्तरणको उद्देश्यले 'सीमित स्कोप अपरेसन' का रूपमा अघि बढेको बताउनुभयो। इजराइली रक्षामन्त्री योव गालान्टले गाजाभित्रका सैनिकहरूलाई दिएको टिप्पणीले रफाह र अन्य क्षेत्रमा तीव्र सैन्य कारबाहीको तयारी भएको सङ्केत गर्दछ।

हमासको सैन्य शाखाले दावी गरेको रकेट आक्रमणपछि मानवीय सहायताका लागि महत्वपूर्ण शालोम सीमा क्रसिङ बन्द भएपछि आइडीएफका सैनिकहरू हताहत भएका छन् ।पूर्वी रफाह खाली गर्ने निर्णयले विस्थापित नागरिकहरूको सुरक्षा र गाजाभित्र सुरक्षित आश्रयको अभावबारे चिन्ता उत्पन्न गरेको छ ।सिएनएनका अनुसार निकासी आदेशको अन्तर्राष्ट्रिय निकाय र मानवीय संस्थाहरूबाट आलोचना भएको छ। यसमा जारी द्वन्द्वका बीच सुरक्षित आश्रयको अभावलाई जोड दिइएको छ।

# अफगानिस्तानमा वर्षा र बाढीले १४ जनाको ज्यान लियो

**एएनआई**

काबुल। अफगानिस्तानमा भारी वर्षापछिको बाढीले कम्तिमा १४ जनाको ज्यान लिनुका साथै व्यापक विनाश भएको विपद् व्यवस्थापन मामिला राज्य मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ ।मन्त्रालयका हक्कसेनसले अफगानिस्तानका बदख्सान, तखर, घोर र नुरिस्तान प्रान्तका केही सडकहरू भूस्खलन र बाढीका कारण अस्थायी रूपमा अवरुद्ध भएको बताउनु भएको छ।।

"बाढी र भूस्खलनका कारण अस्थायी रूपमा बन्द गरिएका तखर, बदख्सान, घोर र नुरिस्तान प्रान्तका धेरैवटा सडकहरु खुलाउने काम भइरहेको छ," उहाँले बताउनु भयो। निरन्तरको भारी वर्षाको कारण स्थानीयबासीको धेरै नोक्सानी भएको छ। बाढीमा परेर बालबालिकाको मृत्यु भएको, जमिन र पुलहरू नष्ट भएको फराह प्रान्तका एक बासिन्दाले जनाउनुभयो।



प्रवक्ता जनान साइकका अनुसार १४ प्रान्तमा वर्षाका कारण एक सय ४० आवासीय घरहरू क्षतिग्रस्त भएका छन् भने दुई हजार भन्दा बढी गाईवस्तुको मृत्यु भएको छ।

टोलो न्युजका अनुसार विगत तीन दिनमा वर्षाका कारण लगभग १४ जना नागरिकको मृत्यु भएको छ भने एक जना बेपत्ता छन्। बाढीले आवासीय घरहरु पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।यसैबीच, सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ

बाढीबाट भएको जनधनको क्षतिलाई तत्काल सम्बोधन गर्न सरकार समक्ष स्थानीयवासीले आग्रह गरेका छ।

# टी-२० विश्वकप जिते खेलाडीलाई १ लाख डलर दिने पाकिस्तानको घोषणा

**काठमाण्डु** । पाकिस्तान क्रिकेट बोर्डका अध्यक्ष मोहसिन नक्वीले टी-२० विश्वकप जिते प्रत्येक खेलाडीलाई १ लाख अमेरिकी डलर दिने घोषणा गरेका छन्।




गद्दाफी स्टेडियममा खेलाडीसँग अभ्यास सेसनमा भेट गर्दै उक्त पुरस्कार रकम घोषणा गरेका हुन्। पाकिस्तान अब आयरल्यान्ड र इंग्ल्यान्ड भम्रण सकेर विश्वकप खेल्न अमेरिका पुग्ने छ।

पाकिस्तान र आयरल्यान्डबीचको तीन टी-२० आई खेलको सिरिज १०, १२ र १४ मेमा हुनेछ ।त्यसपछि इंग्ल्यान्ड र पाकिस्तानबीच चार टी-२० आई खेलको सिरिज २२, २५ र २८ र ३० मेमा हुनेछ।

# मङ्गोलियाको जङ्गल र घाँसे मैदानमा आगलागी बढ्यो

**सिन्ह्वा**

उलानबटोर। मङ्गोलियामा यस वर्ष सन् २०२४ को सुरुदेखि ५२ वटा जङ्गल आगलागीका घटना भएको सोमबार सार्वजनिक एक सरकारी प्रतिवेदनले जनाएको छ। आगलागीको यो घटना गत वर्ष सन् २०२३ को सोही अवधिको तुलनामा ३.८ प्रतिशतले बढी हो।



राष्ट्रिय आपतकालीन व्यवस्थापन निकायका अनुसार, कम्तीमा पाँच लाख ४९ हजार १३ हेक्टर जङ्गल र घाँसे मैदान जङ्गली डढेलोबाट जलेको छ । मानवीय लापरबाही नै डढेलोको मुख्य कारण रहेको प्रतिवेदनमा उल्लेख छ । देशका अधिकांश क्षेत्रमा सुख्खा मौसमका कारण जङ्गल र मैदानमा आगलागीको उच्च जोखिम रहेको भन्दै सर्वसाधारणलाई खुला ठाउँमा आगो नबाल्न वा भूइँमा चुरोटका ठुटा नफाल्न चेतावनी दिएको छ।

मङ्गोलियामा कठोर जलवायु विविधता रहेको छ र यहाँ सामान्यतया वसन्त ऋतुको समयमा सुख्खा र हावाहुरी चल्छ।

# भारी वर्षाका कारण भारतको मणिपुरमा विद्यालय बन्द

**सिन्ह्वा**

नयाँ दिल्ली। भारतको उत्तरपूर्वी राज्य मणिपुरमा भारी वर्षा र चट्याङसहितको खराब मौसमका कारण विद्यालय र कलेजसहित सबै शैक्षिक संस्था मङ्गलबारसम्म बन्द रहने राज्यका मुख्यमन्त्री एन. बिरेनले बताउनुभएको छ। राज्यमा विगत दुई दिनदेखि विशेषगरी आइतबारदेखि परेको अविरल वर्षाले स्थानीयवासीको जनजीवन प्रभावित भएको छ।

इम्फाल पश्चिम क्षेत्रको कान्चिपुर र तेरालगायत राज्यका विभिन्न भागमा असिनाले जस्ताको छानामा प्वाल परेकोले धेरै घर र सवारी साधनमा क्षति पुगेको द हिन्दू अखबारले रिपोर्ट गरेको छ। इम्फाल पश्चिम जिल्ला उत्तरपूर्वी भारतको मणिपुर राज्यको १६ जिल्ला मध्ये एक हो । यो राज्यको सबैभन्दा जनसंख्या भएको जिल्लासमेत हो ।राज्यमा विद्यमान मौसमी अवस्थाका कारण सोमबार र मंगलबार सबै स्कूल र कलेजहरू बन्द रहनेछन् । वर्तमान मौसम अवस्थाले निम्त्याउने जोखिमविरुद्ध सावधानीका रूपमा यो निर्णय लिइएको मुख्यमन्त्रीले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभयो।

# पाकिस्तान र इरानबाट निर्वासित अफगान आप्रवासीमाथिको दुर्व्यवहारको आलोचना

**एएनआई**

काबुल । पाकिस्तान र इरानमा अधिकारीहरूद्वारा अफगान आप्रवासीमाथि भएको दुर्व्यवहारको आलोचना गर्दै ती मुलुकबाट जबरजस्ती निर्वासित भएका आप्रवासीहरूले आफ्नो दुर्दशामा अन्तर ाष्ट्रिय ध्यानाकर्षण गर्न आह्वान गरेको टोलो न्यूजले जनाएको छ।

इरानबाट फर्केका मानिसहरूले उनीहरूलाई इरानी सरकारी फौजले कुटपिट गरेको बताएका छन्। उता पाकिस्तानबाट फर्केकाहरूले उक्त मुलुकमा सामना गरिरहेको बढ्दो चुनौतीबारे चिन्ता व्यक्त गरेका छन्।

टोलो न्युजको रिपोर्ट अनुसार करिब दुई वर्ष इरानमा बिताई भर्खरै आफ्ना सन्तानसहित निर्वासित गरिएका बसिरले भन्नुभयो "जब उनीहरूले हामीलाई खोज्न चाहन्थे, मैले विरोध गरें र उनीहरूले मलाई कुटपिट गरे, मलाई थाहा छैन कि मलाई के भएको छ, म दुई किलोग्रामसम्मको तौल पनि उठाउन सक्दिनँ।"इरानबाट निर्वासित अर्का सलाहुद्दीनले भन्नुभयो, "हामी आफ्ना बच्चाहरूको हेरचाह गर्न बाध्यतावश इरान गएका थियौं र यस अवस्थामा उनीहरूले हामीलाई धेरै गाह्रो बनाइदिए।"

अर्कातिर अवस्थाप्रति दुःख व्यक्त गर्दै पाकिस्तानमा अफगान आप्रवासी रेजा सजेशले भन्नुभयो, "यहाँ सम्म कि कार्ड भएकाहरूलाई पनि क्वेटा, इस्लामाबाद, पाकिस्तानबाट निर्वासित गरिएको प्रक्रियाबाट चिन्तित छौं।"यद्यपि पाकिस्तानको करॉंचीमा तालिबानको वाणिज्य दूतले मुलुकका अधिकारीहरूसँग अफगान आप्रवासीहरूलाई फिर्ता लैजानका लागि अतिरिक्त समय प्रदान गर्न आग्रह गर्नुभएको छ।

तालिबानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका अनुसार मे १ मा लगभग दुई हजार आठ सय अफगान आप्रवासी स्वेच्छाले तथा जबरजस्ती प्रक्रियाले इरानबाट फर्केको टोलो न्युज एजेन्सीले जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसिआर) ले अफगानिस्तानमा दुई करोड ३७ लाख मानिसलाई बाँच्नका लागि मानवीय सहायताको तत्काल आवश्यकता रहेको जनाउँदै मानव अधिकार विशेषगरी महिला तथा किशोरीहरूका साथै धार्मिक तथा जातीय अल्पसंख्यकको अधिकारको अवस्था गम्भीर रहेको बताएको छ।

रिपोर्टअनुसार इरान र पाकिस्तानले करिब ७७ लाख अफगान नागरिकलाई आश्रय दिएकामा करिब १६ लाखलाई २०२१ देखि अफगानिस्तानमा निर्वासित गरिएको छ ।यसैबीच एम्नेस्टी इन्टरनेसनललगायत मानव अधिकारवादी सङ्गठनहरूले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने प्रक्रिया जारी रहेकामा चिन्ता व्यक्त गर्दै यो प्रवृत्तिलाई रोक्न माग गरेका छन्।

# खडेरीले सुक्न थाल्यो मकै



झापा । झापामा लामो खडेरीले खेतमै बाली सुक्न थालेपछि झापाका किसान चिन्तामा छन् । घोगा लाग्ने बेलामा खडेरीले मकै बालीमा क्षति पुऱ्याएको छ ।

कृषि बालीविज्ञ राजेन्द्र खरेलले धामचमरा र घोगा लाग्ने बेलामा खडेरीले मकै बालीलाई ठूलो क्षति पुऱ्याउने बताउनुभयो । झापामा महिनौँदेखि वर्षा भएको छैन । "सिँचाइ भइरहेको खेतीको मकै बालीलाई खडेरीको कुनै असर हुँदैन," उहाँले भन्नुभयो, "तर, "सिँचाइको सुविधा नभएको मकैबाली सुकेर परालसरी भएको छ । उत्पादनमा ठूलो असर पुऱ्याउने सम्भावना छ ।"

झापामा सिँचाइ सुविधा भएको क्षेत्रफल यकिन छैन । सरकारी आँकडामा ६० प्रतिशतभन्दा बढी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा रहेको बताइए पनि धेरैजसो सिँचाइ आयोजना मर्मतसम्भारको अभाव र स्रोत सुक्दै गएका कारण किसानले खेतीमा पर्याप्त पानी पठाउन सकेका छैनन् ।मेचीनगर-१५ ज्यामिरगढीका जयप्रसाद भेटवालको खेतीमा खडेरीले मकैका बोट ठाडै सुकेका छन् । ज्यामिरगढीको अधिकांश क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित छ । निन्दा र टिमाइ खोलामा बाँध बाँधेर नहर सञ्चालन हुँदै आए पनि खडेरीले नहरको मुहानमै पानी अभाव भएको छ ।

निन्दा नहरको मुहान कच्ची रहेको र पानीको स्रोत सुक्दै गएका कारण नहरमा कमिला कुदिरहेको स्थानीय किसान बताउँछन् । नहरमा पानी नआउने र खडेरी चर्किएपछि गाउँका अधिकांश मकैबाली सुकेर परालसरी भएको स्थानीय किसान अम्बिका शिवाकोटी बताउनुहुन्छ । किसानका लागि मकै धानपछिको मुख्य उत्पादन बाली हो । तर, मकैका बोट सुकेर क्षति पुगेका किसानको अवस्था बुझ्न हालसम्म कुनै तहको पनि सरकारका प्रतिनिधि नआउँदा उदेक लागेको शिवाकोटी बताउनुहुन्छ ।

झापामा नदी सिँचाइबाहेक सोलार सिँचाइका योजना पनि सञ्चालनमा छन् । विद्युतीय ऊर्जाबाट चल्ने मोटरले भूमिगत जल तानेर सिँचाइ गर्ने सुविधा थोरै खेतीमा मात्र रहेको छ । यसबाट खडेरीमा सुक्न लागेको मकैबालीलाई ठूलो राहत दिएको छ ।मेचीनगरमा पालिया र निन्दा सिँचाइ आयोजना, बुद्धशान्तिमा हँडिया फूलवासा सिँचाइ आयोजना, बिर्तामोडमा देवनिया खोला सिँचाइ आयोजना र हल्दिवारीमा हर्चना कृषक सिँचाइ आयोजना वर्षौंदेखि सञ्चालनमा छन् । कनकाई सिँचाइ आयोजना जिल्लाको सबैभन्दा ठूलो र पुरानो सिँचाइ नहर हो ।

झापा गाउँपालिकामा टाघनडुब्बा सिँचाइ आयोजना, कमल गाउँपालिकामा भुतलुङ सिँचाइ आयोजना र बाह्रदशी गाउँपालिकामा सन्यासमुनि सिँचाइ आयोजनाले खेतीयोग्य जग्गामा सिँचाइ सुविधा पुऱ्याएको छ । झापा गाउँपालिकामा पाँच वर्षदेखि 'मकै जोन' लागू भएको छ । आँखाले हेर्दा भ्याउञ्जेलसम्म मकैखेती देखिने यस पालिकामा किसानले व्यावसायिक रुपमा मकैखेती गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतनाथ भण्डारीका अनुसार आर्थिक वर्ष २०७९/८० मा झापामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकै खेती गरिएकामा चालू आवमा मकैखेती विस्तार भएको छ । जिल्लामा वार्षिक दुई लाख ५० हजार मेट्रिक टन मकैबाली उत्पादन हुने प्रक्षेपण गरिएको छ । झापा गाउँपालिकाको मकैजोनलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सिँचाइ र उपकरणमा अनुदान उपलब्ध गराउँदै आएको छ । पाँच सय हेक्टर जमिनमा भएको खेतीलाई मात्र जोन घोषणा गर्ने चलन छ । झापा गाउँपालिका र कनकाई नगरपालिकाले मकै मकै खेती गर्ने किसानलाई सिँचाइमा लाग्ने विद्युत् महसुलको ६० प्रतिशत रकम अनुदान दिँदै आएको छ ।

कृषिविज्ञ खरेल लामो खडेरीको मुख्य कारण जलवायु परिवर्तनको असर भएको बताउनुहुन्छ । खडेरी प्रभावित मकै खेतीमा घोगा नलाग्ने समस्या आउने उहाँको भनाइ छ । वर्षाका लागि भगवानसँग प्रार्थना गर्दै झापाका किसानले भ्यागुताको बिहे र सन्सारी पूजा गर्दै आएका छन् । अर्जुनधारा नगरपालिका-२ टाङटिङ खोलामा स्थानीय किसानले बाजागाजाका साथ एक जोडी भ्यागुताको विवाह गराएका हुन् । वर्षाका लागि जिल्लाका विभिन्न खोला किनारमा भगवान इन्द्रको पूजा र भाकल पूजासमेत हुने गरेको छ ।रासस

# सिन्धुलीको जुनारमा प्रोटिन-वेट छिट्न सुरु



कमलामाई । सिन्धुलीको जुनार बगैँचामा प्रोटिन-वेट छिट्न सुरु गरिएको छ । जुनारमा लाग्ने औँसा कीरा व्यवस्थापनका लागि प्रोटिन-वेट छर्किन सुरु गरिएको हो ।

यसले जुनार तथा सुन्तला जातका फलफूलमा लाग्ने औँसा कीरा व्यवस्थापन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जुनार सुपर जोनका प्रमुख यमकुमार श्रेष्ठले जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "प्रोटिन वेट विषादीयुक्त हुन्छ, जुनारको फल कुहाउने औँसा नियन्त्रणका लागि छरिएको हो, प्रोटिन वेटमा कीरा आकर्षण हुन्छ, यसले प्रोटिन वेट सँगसँगै विषादी पनि खान्छ र कीरा मर्छ, त्यसैले जुनारको फलमा अण्डा पार्न सक्नैन्, जसले गर्दा किराको औँसा विकास हुँदैन र फल जोगाउन सक्छौँ ।"

यतिबेला बोटमा जुनारको फल गुच्चा आकारको भएको छ । प्रोटिन-वेट बगैँचाको प्रत्येक तीन बोट बराबर एक बोटको कुनै एक छेउमा छर्कने गरिएको छ । जुनार बगैँचामा प्रोटिन-वेट छर्किन स्प्रेकर्तालाई तालिम दिएर बगैँचामा खटाइएको छ । यतिबेला स्प्रेकर्ता आफ्नो स्वास्थ्य सुरक्षाका लागि सावधानी अपनाउँदै जुनार बगैँचामा प्रोटिन वेट छरिरहेका देख्न सकिन्छ । फलेका तीन बोटमध्ये एक बोट जुनारको निश्चित ठाउँमा चिन्ह लगाइ एक भाग प्रोटिन वेटमा दुई भाग पानी मिसाएर तयारी प्रोटिन-वेटको घोल साताको एक पटक १० सातासम्म स्प्रे गर्नुपर्ने हुन्छ ।

सात वर्षअघिदेखि जुनार फल कुहाउने कीराको प्रकोप नियन्त्रणका लागि विषादी छर्किने गरिएको छ । प्रोटिन-वेट विषादी छर्केपछि जुनारको दाना कुहाउने तथा औँसा पार्ने झिँगा चाइनिज सिट्रस फ्लाई ब्याक्ट्रोसेरा मिन्याक्स नियन्त्रणमा आएको जुनार कृषक नारायण सापकोटाको भनाइ छ ।

उहाँले अघिल्लो वर्ष दुई सय बोटको जुनार बिक्री गरेर रु पाँच लाख आम्दानी गर्नुभएको थियो । कृषक सापकोटाको बगैँचामा अहिले तीन सय ५० जुनारका बोट छन् । उहाँले जुनार बगैँचाभित्र लसुन, प्याजलगायत तरकारीजन्य खेती पनि गर्नुभएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जुनार सुपर जोनको तथ्याङ्कलाई आधार मान्दा सिन्धुलीमा हाल एक हजार ५० हेक्टरमा जुनारको व्यावसायिक खेती भइरहेको छ । जिल्लाको गोलन्जोर, सुनकोसी, फिक्कल र तीनपाटन गाउँपालिका तथा कमलामाई नगरपालिकाको वडा नं ३ जुनारका 'पकेट क्षेत्र' हुन् ।रासस

# सङ्कटमा माटोका भाँडा व्यवसायी



कैलाली । पछिल्लो समय प्लास्टिकका भाँडा बढी मात्रामा प्रयोग गर्न थालेपछि माटोबाट निर्मित भाँडाले बजार पाउन छाडेको छ । आधुनिकतासँगै बजारमा विभिन्न आकर्षक स्वरुपमा प्लास्टिकका रङ्गीविरङ्गी भाँडा सहजै पाइन थालेपछि माटोका भाँडाले बजार पाउन छाडेको हो ।

धनगढी उपमहानगरपालिका-२ कृष्णनगरकी माटाका भाँडा व्यवसायी नीलमदेवी कलवाराले पहिलेको तुलनामा अहिले माटोबाट बनेका भाँडा बिक्री हुन छाडेको बताउनुभयो ।

"माटोका भाँडाको व्यापार पहिले राम्रो हुन्थ्यो । अहिले खासै छैन", उहाँले भन्नुभयो", "केही वर्ष पहिले गर्मी सिजनमा दिनको रु पाँच हजारदेखि रु १० हजारसम्म कारोबार हुनेमा अहिले व्यापार ह्वात्तै घटेको छ ।" अहिले दैनिक रु एक हजारदेखि रु तीन हजारसम्म बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो ।

लामो सयदेखि व्यवसाय गर्दै आउनु भएकी कलवाराले माटोका भाँडाको व्यवसाय घट्दै गएको भन्दै दुःखेको पोख्नुभयो । उहाँले भन्नुभयो, "माटोका भाँडाको व्यवसायबाट घर भाडा मात्र तिर्न ठिक्क हुन्छ । पहिले कारोबार राम्रो हुने गरेकाले बचत पनि हुन्थ्यो । जीविकोपार्जनमा केही समस्या थिएन । आजभोलि आम्दानी घटेसँगै खर्च चलाउन समस्या हुन थालेको छ ।"

माटोका भाँडाको व्यवासायबाट खर्च चलाउँन मुस्किल भएपछि अहिले ठेलामा गन्ना जुस र अण्डाको पनि व्यवसाय सुरु गरेको कलवाराले जानकारी दिनुभयो । पछिल्लो समय माटोका भाँडा बनाउने माटो पाउन मुस्किल हुन थालेपछि भारतको लखिमपुरलगायत सहरबाट माटोबाट बनेका भाँडा ल्याएर बिक्री गर्ने गरेको उहाँको भनाइ छ ।

"पहिले माटोका भाँडा बनाउने भट्टा यहाँ थुप्रै थिए । अहिले माटो पाउन नै गाह्रो छ, पाए पनि महँगो हुन थालेपछि बाहिरबाट बनेका भाँडा आयात गरी बिक्री गर्ने गरेका छौँ", कलवाराले भन्नुभयो ।प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज हुने र जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडा विस्थापित हुने अवस्थामा पुगेको माटोका भाँडा बिक्री गर्दै आउनुभएका व्यवसायी अरविनप्रसाद कलवाराले बताउनुभयो । "पहिले भन्दा अहिले धेरै व्यापार घटेको छ । पेसा नै लोप हुन्छ की भन्ने चिन्ता छ", उहाँले भन्नभयो ।

माटोबाट निर्मित भाँडा टुटफुट पनि बढी हुने भएकाले प्रयोग गर्नेको सङ्ख्या कम भएको अरविनप्रसादको भनाइ छ । घरघरमा सिमेन्टको गमला लगेर बिक्री गर्ने गरिएकाले पनि माटोबाट बनेका गमलाको बिक्री घटेको उहाँले बताउनुभयो ।ग्राग्री प्रतिवटा रु दुई सयदेखी रु पाँच सय, गमला प्रतिवटा रु एक सयदेखि रु दुई सय, खुत्रुक्के प्रतिवटा रु ३० देखि रु तीन सय, कलश प्रतिवटा रु १५ देखि ५० मा बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो ।रासस

# च्याम्बरमा पाक्न थाले केरा



चितवन । जिल्लामा केरा उत्पादन गरेर बिक्री वितरणका लागि केरा पकाउने राइपनिङ चेम्बर अनुदानमा पाएपछि यहाँका केरा व्यवसायी उत्साहित भएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइले व्यवसायीलाई केरा पकाउन अनुदानमा च्याम्बर निर्माण गरेको हो ।

आर्थिक वर्ष २०७८/७९ देखि इकाइले चेम्बर अनुदानमा निर्माण गर्न थालेको हो । कार्यालयका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गनाका अनुसार कार्यालयले ६० देखि ८० प्रतिशतसम्म अनुदानमा केरा व्यवसायीका लागि केरा पकाउने चेम्बर निर्माण गरेको छ ।

अहिलेसम्म १२ वटा चेम्बर निर्माण भइसकेको ढुङ्गानाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "केरा पकाउन सजिलो होस् र लामो समयसम्म राख्न सकियोस् भनेर अनुदानमा चेम्बर निर्माण गरिएको हो ।" कार्यालयले अनुदानमा चेम्बर निर्माण गरेसँगै व्यवसायीले व्यक्तिगत लगानीमा समेत अहिले चेम्बर बनाएर केरा पकाउन थालेका छन् । ढुङ्गानाका अनुसार पाँच जना व्यवसायीले आफ्नै लगानीमा चेम्बर निर्माण गरेका छन् । कार्यालयले निर्माण गरेको च्याम्बरमध्ये एउटा रत्ननगरको तरकारी बजारमा र ११ वटा महानगर ताजा तरकारी तथा फलफूल बजारमा राखिएको उहाँले जानकारी दिनुभयो ।

यी च्याम्बरमा व्यवसायीले १५० कोसा केराको रु ३५ मा पकाउने गरेका छन् । रु नौ लाख ५० हजारको लागतमा एउटा चेम्बर निर्माण हुने ढुङ्गानाले बताउनुभयो । खैरहनीका केरा व्यवसायी सागर भट्टराई चेम्बर निर्माण भएपछि केरा पकाउन औषधि राख्नु पर्ने बाध्यता टरेको बताउनुभयो । "केरा पकाउन पहिला क्याल्सियम कारवोहाइट हाल्थ्यौँ । अहिले चेम्बरका लागि आवश्यक पर्ने इथेलिन मात्रै प्रयोग हुने गरेको छ", उहाँले भन्नुभयो, "पहिला केरा पकाएको तीन दिनभित्र बिक्री गरिसक्नुपर्ने हुन्थ्यो । अहिले एक सातासम्म बिक्री गर्न पाइन्छ ।"

च्याम्बरमा केरा पकाउँदा 'जी नाइन' केराको रङ समेत आकर्षक बन्ने गरेको व्यवसायी बाबुराम भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, "केराको डाँठ कुहिने जस्ता समस्याबाट अहिले हामीले मुक्ति पाएका छौँ । चेम्बरबाट आवश्यकता अनुसार दुईदेखि सात दिन लगाएर पकाउन सकिन्छ ।"जिल्लामा २२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा व्यवसायिक रुपमा केरा खेती गरिँदै आइएको छ । यहाँ वार्षिक ५६ हजार चार सय ४८ मेट्रिकटन केरा उत्पादन हुँदै आएको छ । यहाँको केराको बजार चितवनसहित काठमाडौँ, पोखरा, बुटवलसम्म रहेको किसान बताउँछन् ।रासस

## हिमालयन बैंक, ढल्केवर शाखाको
## हकदावी सम्बन्धी ३५ दिने सूचना

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला नगरपालिका वडा नं. १ बस्ने राज लाल महतोकी छोरी, दिलिप कुमार महतोकी पत्नि आशा कुमारी महतोले हिमालयन बैंकको ढल्केवर शाखामा साधारण बचत खाता नं. २७८५६६४६४३००१५ र मुद्धती खाता नं. ::२३३५४८१०३६ खोली कारोबार गर्दै आउनु भएकोमा खातावाल आशा कुमारी महतोको मिति २०८०/१२/२१ मा मृत्यु भएको र इच्छाएको व्यक्ति नभएको हुनाले, उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरी पाउँ भनि मृतकको पति दिलिप कुमार महतोले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सुचित गरिन्छ ।

## जिल्ला प्रशासन कार्यालय, धनुषा
## द्वारा जारी सूचना

उप्रान्त जिल्ला धनुषा तुलसीयाही जब्दी गा.वि.स. वडा नं. ६ हाल मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं. ३ बस्ने गुदरी यादवको छोरा लक्ष्मी यादवले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा लक्ष्मी यादवको पिता गुदरी यादव हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।



# उखु किसानलाई एक अर्ब ६१ करोड भुक्तानी




टुडे समाचारदाता

बर्दिबास । महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलले यस वर्ष किसानहरूबाट खरिद गरेको उखुको सबै भुक्तानी गरेको छ। समयमै भुक्तानी पाउँदा किसान खुसी भए पनि उखुको उचित मूल्य नपाएकोमा भने खिन्नता प्रकट गरेका छन्।

एभरेष्टले क्रसिङ सिजन २०८०/८१ का लागि २९ लाख चार हजार ५११ क्विन्टल उखु खरिद गरी दुई लाख ६४ हजार ५९१ क्विन्टल चिनी उत्पादन गरेको जनाएको छ।

एभरेष्टका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले खरिद गरिएका उखुको एक अर्ब ६१ करोड ९० लाख ६३ हजार रुपैयाँ किसानको खातामार्फत भुक्तानी गरेको बताए।

यस पटक एभरेष्टले महोत्तरी, सर्लाही, रौतहट तथा धनुषाका गरी १४ हजार चार सय ४४ जना किसानबाट उखु खरिद गरेको थियो। ठाकुरका अनुसार उखुको मिल गेटमा ५६५ र खरिद केन्द्रबाट ५४० रुपैयाँ प्रति क्विन्टलको दरले किसानको खातामा भुक्तानी गरिएको छ।

उचित मूल्य र समयमै भुक्तानी न पाउँदा बर्सेनि उखु खेती घट्दै गएपछि एभरेष्टले गत वर्षदेखि वर्ष उखु खरिद गरेको साता दिनभित्र भुक्तानी दिने नीति लिएको थियो।

"यो नीतिमा पनि अझ लचिलो बन्दै यसपालादेखि उखु खरिद गरेको पाँच दिनभित्रै भुक्तानी पठाइको हो" ठाकुरले भने।

समयमै भुक्तानी भएकाले आगामी दिन उखु खेतीमा वृद्धि हुने एभरेष्टको अपेक्षा छ। यो वर्ष किसानले १२ हजार ५ बिघामा उखु खेती गरेका थिए आउँदो सिजनमा १० प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ।

यसका लागि एभरेष्टले फिल्ड सर्वे गर्न प्राविधिकहरूलाई खटाएको छ। सर्वेको काम सकिएपछि मात्र उखु खेतीको क्षेत्रफलबारे यकिन जानकारी हुने उनले बताए।

उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाका अनुसार यो वर्ष कारखानाले नयाँ रेट ५४० रुपैयाँको दरले समयमै भुक्तानी दिनु सकारात्मक पक्ष भए पनि उखुको उचित मूल्य नपाउँदा किसानमा अझै नैराश्य छाएको प्रतिक्रिया दिए।

उनका अनुसार एकातिर खडेरीको प्रकोपले गत वर्षदेखि उखु उत्पादनमा ह्रास आउँदै गएको छ। अर्कोतिर उखु खेतीका लागि आवश्यक मल, बीउ, मजदुरी, इन्धन र ढुवानी खर्च आकासिएकाले ५४० रुपैयाँ रेटले खर्च पनि उपर हुँदैन।

यसैलाई आधार बनाएर उखु उत्पादक कृषक संघ तथा महासंघले उखुको पुराने मूल्यमा ११० रुपैयाँ थप गरी प्रति क्विन्टल सात सय रुपैयाँ पुऱ्याउनुपर्ने माग राख्दै आएका थिए। तर मिलले ५४० र सरकारले अनुदान वापत ७० रुपैयाँ दिने गरी प्रति क्विन्टल उखुको नयाँ मूल्य ६१० रुपैयाँ निर्धारण गरिएको छ।

अनुदान बापतको ७० रुपैयाँ भने सरकारले दसैं तिहार बितेपछि भुक्तानी दिने गरेको छ। समयमै भुक्तानी नपाउँदा सरकारी अनुदानको अनुभूति गर्न नपाएको उखु किसानले गुनासो गर्दै आएका छन्।

# पप्पु पथमा रमण, ठेक्काहरु अलपत्र




**टुडे समाचारदाता**

जनकपुरधाम । रमण कन्स्ट्रक्सनले ठेक्का लिएका राष्ट्रिय गौरवका आयोजनाहरुको काम सुस्त गतिमा अगाडि बढि रहेको छ । धरहराको ठेक्का लिएर एका एक चर्चामा आएका रमण कन्सट्रक्सनलाई समयमा काम गर्नकालागि छैटौं पटक म्याद थपिने तयारी गरिएको छ अन्य गौरवका आयोजनाहरु सुस्त अवस्थामा छ । ठेक्का लिएर काममा लापरवाही गर्ने पप्पु कन्स्ट्रक्सनकै पथमा अहिले रमण कन्स्ट्रक्सन हिडेका छन्।

०७५ असोज १४ मा बनाउन सुरु गरिएको धरहरा निर्माणको ठेकेदार कम्पनीलाई छैटौं पटक म्याद थप्न लागिएको छ। सुरु ठेक्का सम्झौताअनुसार सकिनुपर्ने अवधि ०७७ असोज १४ मा नै थियो । पाँचौं पटक ०८० असोजसम्म म्याद थप गरिएको थियो । छैटौं पटक आगामी असोजसम्मका लागि निर्माण व्यवसायीले म्याद थप माग गरेको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) आयोजनाका निर्देशक कोषनाथ अधिकारीले बताए।

'काम सक्नका लागि अन्तिम पटक मौका दिन छैटौंपटक म्याद थप्न लागेका हौं,' उनले भने, 'त्यसकालागि सहरी विकास तथा भवन विभागलाई लेखेर पठाउने तयारीमा छौं, भदौ वा असोज कहिलेसम्म म्याद थप गर्ने भन्ने कुरा विभागले निर्णय गर्ने छ।' ६/६ महिनाका दरले म्याद थप गर्दै आए पनि काम सकिने अझै निश्चित छैन । यसको ठेक्का जीआईईटीसी-रमण जेभीले लिएको छ।

जीआईईटीसी चिनियाँ कम्पनी भए पनि काम नेपाल ठेकेदार कम्पनी रमण कन्स्ट्रक्सनले गरिरहेको छ । जसलाई ३ अर्ब ४८ करोड १६ लाख रुपैयाँ लागतमा जिम्मा दिइएको छ । रमण कम्पनी धरहरा मात्रै हैन, नेपालका अन्य ठूला पूर्वाधार आयोजना निर्माणको ढिलाइ गर्नेमा पर्छ । रमणले सुनकोशी-मरिण डाइभर्सन आयोजना, भेरी-बबई सिँचाइ आयोजनाको केही भाग निर्माणको जिम्मा पाएको छ। भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनामा हेडवर्क्स, पावर हाउस, सर्ज-साफ्टको ठेक्का वाङदोङ युआनतियन-रमण जेभीले लिएको छ । यसको ठेक्का सम्झौता ०७६ साउन १३ मा भएको छ। सम्झौताअनुसार हेडवर्क्स, पावर हाउसको काम ०८० साउन २९ भित्र सकिसक्नुपर्ने हो। समयमै काम नसकिने भएपछि ०८१ भदौ १ सम्म म्याद थप गरिएको छ।

सुनकोसी मरिणमा सुरुङको 'ब्रेक थ्रु' हुनै लाग्दा आयोजनाको अन्य काम सुस्त छ। यसमा सुरुङ खन्ने काम ९९ प्रतिशत पुग्दा बाँध बाँध्ने काम ७ प्रतिशत मात्र सम्पन्न गरेको छ । बाँध बाँध्ने ठेक्का पटेल-रमण जेभीले लिएको छ। पटेल भारतीय कम्पनी भए पनि काम नेपाली कम्पनी रमण कन्स्ट्रक्सनले गरिरहेको छ। १६ महिनाअघि ०८४ असोजमा सम्पन्न गर्ने गरी सुनकोसीमा बाँध निर्माणलगायत काम गर्न १२ अर्ब रुपैयाँमा ठेक्का भएको हो। धरहरा निर्माणमा ढिलाई गरिरहेको रमणले फेरि म्याद थपको सुविधा पाएको छ।

'खरिद नियमावली १३ औं संशोधनले अन्तिम मौका भनेर म्याद थप दिने उल्लेख छ, त्यहीअनुसार निर्माण व्यवसायीले म्याद थपको माग गरेका छन्,' केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास) आयोजनाका निर्देशक अधिकारीले भने, ' त्यहीअनुसार धरहरा निर्माण म्याद थप गर्ने तयारी छ।' पटक-पटक म्याद थप गर्दा पनि काम नसकिएपछि जरिवाना लगाएर काम गर्ने तयारी हुँदै गर्दा खरिद नियमावली संशोधन भएकाले म्याद थप गर्नुपरेको उनले बताए।

'अब निर्माणको काम धेरै बाँकी छैन,' उनले भने, 'बिजुली, बत्तीलगायत इलेक्ट्रिकल कामहरू गर्न बाँकी छ, त्यो गर्न धेरै समय लाग्दैन।' ढिलै भए पनि भदौभित्र धरहरा सञ्चालनमा ल्याउने तयारी रहेको उनको दाबी छ । ०७२ को भूकम्पले धरहरा भत्किएपछि यसको पुनर्निर्माण थालिएको छ। निर्माण व्यवसायीका कारण पनि यसको निर्माण समयमै हुन नसकेको आयोजनाको भनाइ छ। 'धेरै पटक म्याद थपिसकेको छ, समय दिए पनि काम सकिएको छैन,' अधिकारीले भने, 'केही कुरामा हामीबाट ढिला भयो होला तर निर्माण व्यवसायीको पक्षबाट ढिलाइ हुँदा समयमै काम सकिएन।' अहिले अन्तिम चरणको काम भइरहेको उनको भनाइ छ।

'चार वर्षअघि धरहरामा जडान गर्न खरिद गरिएका विद्युत्का सामान छन्, ती सामान पुराना भएकाले परिवर्तन गर्नुपर्ने पनि हुन सक्छ, यसमा हेरेर थपघट गर्नुपर्नेछ,' उनले भने, 'अहिलेसम्म कुल लागत रकममा संशोधन भएको छैन, सामान थपघट गर्नुपरे थोरै रकम बढ्न सक्छ।'

अहिलेसम्म धरहरा निर्माणमा २ अर्ब ९५ करोड ९३ लाख रुपैयाँ खर्च भइसकेको छ। 'इलेक्ट्रिकल सामान निर्माण व्यवसायीले ल्याएका छन्, त्यसको परीक्षण र प्रयोग नगरी पूरा भुक्तानी गर्दैनौं,' उनले भने, 'त्यसका लागि ५० प्रतिशत मात्र रकम दिइएको छ, त्यसै भएर कामभन्दा कम भुक्तानी देखिएको छ।' सामान मात्र ३० करोड रुपैयाँको रहेको उनले बताए। ०७८ वैशाख ११ मा उद्घाटन भइसकेको धरहरा अझै सञ्चालनमा नआउँदा यो खण्ड भएर ओहोरदोहोर गर्ने सर्वसाधारण आश्चर्यमा छन् । बाहिरैबाट धरहरा अघि उभिएर फोटो भिडियो खिच्न भीड लाग्छ।

सुरुमा कोभिड-१९ को प्रभावले गर्दा निर्माणमा ढिला भएको आयोजनाको भनाइ छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ०७८ वैशाखमै तामझामका साथ उद्घाटन गरेको धरहराको निर्माण अहिलेसम्म पूरा भएको छैन । ०७२ वैशाखको भूकम्पले धरहरा भत्किएर नयाँ बनाई उद्घाटन गरिसकेको ३ वर्षसम्म पनि बाँकी काम सम्पन्न नहुँदा सञ्चालनमा आउन सकेको छैन । ओलीले उद्घाटन गर्दा समग्र आयोजनाको प्रगति ४२ प्रतिशत मात्र थियो। धरहरा मात्र ठडिएको छ, धरहराभित्रका काम अहिले पनि भइरहेकै छन्। धरहरा निर्माण थालेको ६ वर्ष (हालसम्म) मा भौतिक प्रगति ९३ प्रतिशत पुगेको छ।

# पूर्वाधार विकास कार्यालय सर्लाहीमा ताला बन्दी

टुडे समाचारदाता

मलंगवा। भौतिक पूर्वाधार विकास कार्यालय सर्लाहीले कमिसनको आधारमा योजना बाँडफाँट गरेको भन्दै स्थानीयहरुले कार्यालयमा ताला बन्दी गरेको छ । सर्लाहीको हरिपुर्वा नगरपालिका वार्ड नं. ६ का वडाअध्यक्ष रामस्वार्थ राय संगै आएका स्थानीयहरुले पूर्वाधार विकास कार्यालय सर्लाहीमा तालाबन्दी गरेको छ।

निमित कार्यालय प्रमुख विजय कुमार यादवले कमिसनको आधारमा योजनाहरु बाँडने गरेको आरोप लगाउँदै आफूहरुले कार्यालयमा तालाबन्दी गरेको वडाअध्यक्ष रायले बताए।

कार्यालयमा आउने सेवाग्राहीहरुलाई विभिन्न प्रकारका जालझेल अनाहकमा दुःख दिने काम भइरहेको वडाअध्यक्ष रायले आरोप लगाए। योजनाहरुको कार्यादेश लिन आउने व्यक्तिहरुलाई अल्झाउने, आर्थिक वर्ष २०८०/२०८१ का लागि १ अर्ब ४ करोड ९१ लाख ३३ हजार बराबरका ४ सय ७१ वटा योजनाहरुको जानकारी वा कार्यादेश सम्बन्धित पालिकालाई उपलब्ध नगराई आफू नजिकका व्यक्तिलाई योजनाको कार्यादेश दिँदा समस्या भएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको रायले बताए।

पूर्वाधार विकास कार्यालय सर्लाहीका निमित कार्यालय प्रमुख यादवले भने आफू माथि लगाएका सबै आरोप निराधार रहेको बताएका छन्। ९ नम्बरका योजनाको सम्झौता भइसके पछि सोही योजनालाई ७ नम्बरको योजना बताउदै सम्झौता गरिदिन दबाब दिए पछि आफूहरु सम्झौता गर्न नमाने पछि उहाहरुले तालाबन्दी गरेको बताए।

# पालिकाका कर्मचारीलाई तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका १० वटा स्थानीयतहका कर्मचारीलाई दक्षता तथा क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिएको छ।

जनकपुरधाममा सोमबार श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहकार्यमा भएको सो तालिममा स्थानीय तहका प्रमुख प्रशासकीय अधिृकत, लेखा प्रमुख तथा रोजगार संयोजक सहभागी थिए।

सो तालिममा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, मुखियापट्टी मुसहरनीया गाउँपालिका, जनकनन्दनी गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, पिपरा गाउँपालिका, सिरहाको सिरहा नगरपालिका, मिर्चैया नगरपालिका र सप्तरीको राजविराज नगरपालिकाका लेखा अधिकृत र रोजगार संयोजकको दक्षता तथा क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिएको छ।



सो तालिम प्राप्त गरेपछि अधिकतम साधन स्रोतको सदुपयोग गर्दै नतिजामुखि कार्यहरुमा प्रभावकारिता देखिने गरी कर्मचारीले काम गर्ने विश्वास लिइएको छ।

सो तालिमको उद्घाटन निमित सचिव रञ्जित यादवले गरेका थिए । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव प्रशिक्षक दीपेन्द्र पौडेल, शाखा अधिकृत सीता थापा, लेखा अधिकृत विमल दवाडी, कोष तथा लेखा नियन्त्रण काठमाण्डुका लेखा अधिकृत नवराज पण्डितलगायतले सहभागीहरुलाई प्रशिक्षण दिएका थिए।

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पुनःएकीकरण(रेनी) परियोजना लागु भएका दशवटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिृकत, लेखा प्रमुख तथा रोजगार संयोजकलाई वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रणालीसम्बन्धी दुई दिवसीय क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको थियो।

# सर्लाही कारागारमा कैदीबन्दी व्यवस्थापनको समस्या

**टुडे समाचारदाता**

मलंगवा । जिल्ला कारागार मलंगवा सर्लाहीमा क्षमताभन्दा धेरै कैदीबन्दी पुगेपछि व्यवस्थापनमा समस्या भएको छ। सञ्चालनको साढे तीन महिनामै कैदीबन्दीको संख्या क्षमताभन्दा धेरै भएको कारागार प्रशासनले जनाएको छ । जिल्ला कारागार मलंगवा सर्लाहीमा एक सय ६० जना पुरुष र ५० जना महिला गरी दुई सय १० जनाको क्षमता रहेको छ । कारागारमा महिला, पुरुष कैदीबन्दी गरेर दुई सय ४३ जना पुगेको कारागारका जेलर मनोजकुमार मिश्रले जानकारी दिए।

जेलर मिश्रका अनुसार महिला सेलतर्फ २३ जना कैदीबन्दी छन् । पुरुषतर्फ दुई सय २० जना पुगेका छन् । पुरुषतर्फ कैदीबन्दी धेरै भएपछि कोठा नपुगेर बरण्डालगायतका स्थानमा व्यवस्थापन गर्नुपरेको उनले बताए । "महिला सेलतर्फ कम छन्", जेलर मिश्रले भने, "तर, पुरुषतर्फ क्षमताभन्दा ६० जना धेरै भइसकेका छन् । हामीले बरण्डालगायतका ठाउँमा पंखा लगाएर सुत्ने व्यवस्था गरेका छौं।"




कैदीबन्दीको संख्या धेरै हुँदा बस्ने ठाउँको अभावसँगै ट्वाइलेट, बाथरुमलगायतका ठाउँमा कैदीबन्दीलाई सकस हुन थालेको छ। नित्यकर्मका लागि निकै समय लाइन बस्नुपर्ने बाध्यता रहेको कैदीबन्दीले बताउने गरेको जेलर मिश्रले बताए । ठाउँ अभावका कारण कोचमकोच गरेर सुत्नुपर्ने अवस्था छ। कैदीबन्दीको संख्या बढ्दो क्रममा रहेकाले आगामी दिनमा थप समस्या हुने जेलर मिश्रको भनाइ छ।

जिल्ला कारागार मलंगवा सर्लाही ११ वर्षपछि गत माग ७ गतेदेखि सञ्चालनमा आएको थियो । तत्कालीन उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कारागारको उद्घाटन गरेका थिए। जीर्ण भएका कारण बन्द गरेर ०६९ माघदेखि निर्माण सुरु गरेको कारागार विभिन्न कारणले निर्माण सम्पन्न हुन ११ वर्ष लागेको थियो।

यसैबीच कारागारलाई सुधार गृहकारुपमासञ्चालनगर्नेसरकारको नीतिअनुसार कैदीबन्दीलाई क्षमता र इच्छाअनुसार काम गर्ने वातावरण बनाइएको जेलर मिश्रले बताए । दुई पैसा आम्दानीसमेत हुने तथा व्यवस्थापनमा सहज हुने गरी कारागारमा विभिन्न काममा कैदीबन्दीलाई जोड्ने गरिएको उनको भनाइ छ।

कारागारमा रहेका कैदीबन्दीले बत्ती काट्ने, गलैंचा बुन्ने, कपडा सिलाउने, मुढा बनाउने, कपाल काट्ने, कपडा धुनेलगायतका काम गर्ने गरेका छन् । यसरी उनीहरुले परिवारमा आर्थिक सहयोग गरिरहेको जेलर मिश्रले बताए।

# अभिराम शर्माको निलम्बन फिर्ता लिन सभामुखलाई पत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेता अभिराम शर्मालाई निलम्बन गर्ने निर्णय विरुद्ध सभामुख रामचन्द्र मण्डललाई पत्र लेखेको छ।

लोसपाका संसदीय दलका उपनेता उपेन्द्र महतोले संघीय संसदमा नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ सर्वोच्च अदालतको आदेशले निलम्बन फुकुवा हुँदै संसद् बैठकमा सहभागी भएको दाबी गर्दै शर्माको निलम्बन गलत भएको जिकिर गरेका छन्।

उपनेता महतोले सभामुख मण्डललाई पत्र पठाउँदै संसदीय दलका नेता शर्मालाई गरिएको निलम्बन सच्याउन माग गरेका छन् । शर्मा लोसपा मधेश संसदीय दलका नेता



भएको भन्दै उनको फैसला अन्तिम नभई महोत्तरी जिल्ला अदालतबाट मात्र निर्णय भएकाले निलम्बन गर्नु गलत भएको सो पत्रमा उल्लेख छ।

मधेश आन्दोलनका क्रममा महोत्तरीको जलेश्वरमा सशस्त्र प्रहरीका असई थमन विकको हत्यामा दोषी ठहर गर्दै जिल्ला अदालतले उनलाई जन्मकैदको सजाय सुनाएको थियो। २०८० मंसिर २८ मा जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको करिब ५ महिनापछि वैशाख २१ गते प्रदेशसभाले उनलाई निलम्बन गरेको थियो।

उपनेता महतोले बुझाएको पत्रमा भनिएको छ, 'मधेश प्रदेशसभा सचिवालयबाट प्रकाशित मिति २०८१ बैशाख १८ को फैसलामा यहाँले प्रदेश सभा सदस्य अभिराम शर्मालाई मधेश प्रदेशसभा सदस्य सञ्चालन नियमावली, २०७५ को नियम २१० (४) अनुसार निलम्बन गर्नुभएको कुरा उल्लेख छ। कुनै पनि मुद्दाको अन्तिम फैसला नहुन्जेल सम्बन्धित व्यक्तिलाई निलम्बन गर्ने जस्तो कारबाही गर्न अनुमति नदिएको ब्यहोरा अवगत गराउन चाहन्छौं।'

जिल्ला अदालतले दोषी ठहऱ्याए पनि पुनरावेदनको अधिकार अहिले समाप्त नभएकाले निलम्बन गर्नु गलत हुने लोसपाले पत्रमा उल्लेख छ।

'यो फैसला अन्तिम हुनको लागि अहिले समय बाँकी नै छ, यस्तो अवस्थामा मधेश प्रदेशसभाका सदस्य अभिराम शर्मालाई अहिले नै मधेश प्रदेशसभाको सदस्यबाट निलम्बन गर्न कानुनतः मिल्दैन।' सो पत्रमा उल्लेख गरिएको छ।

जिल्ला अदालतको फैसला विरुद्ध उच्च र सर्वोच्चसम्म जान सक्ने अधिकार शर्मासँग बाँकी नै रहेकाले अहिले नै निलम्बन गर्नु गलत भएकाले फिर्ता लिन माग गरिएको छ।

# दिनदहाडै लुटियो ८० लाख

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको जनकपुरधामस्थित एक सहकारी संस्थाका कर्मचारीबाट ८० लाख लुटिएको छ।

सोमबार दिउँसो शुभश्री बचत तथा ऋण सहकारी संस्था महिनाथपुरमा कार्यरत वीरेन्द्रकुमार महतोलाई पेस्तोल देखाएर तीन जनाले ८० लाख लुटेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन आबाले जानकारी दिए।

जनकपुरधामको भानुचोकमा रहेको राष्ट्रिय सहकारी बैंकबाट रकम झिकेर सहकारीतर्फ जाँदैगर्दा जनकपुरधाम उपमहानगरपालिका १९ मा महतोका साथमा रहेको सो रकम लुटिएको र जानकारी प्राप्त भएलगत्तै प्रहरी घटनास्थल पुगेर लुटेराको खोजी भइरहेको बताए।

# स्कुल भ्यानमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा एक निजी स्कुलको भ्यानमा आगलागी भएको छ। जनकपुरधाम उपमहानगरपालिका-२१, कुर्थामा शिवशारदा स्कुलको ज १ च १८५३ नम्बरको भ्यानमा सोमबार बिहान ६ बजे आगलागी भएको प्रहरीले जनाएको छ।

आगलागीबाट कुनै मानवीय क्षति नभएको र जनकपुरधाम उपमहानगरको वारुणयन्त्र र स्थानीयवासीको सहयोगमा जिल्लाबाट खटिएको प्रहरी टोलीले आगलागी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८